धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कुमारी सामूहिक लगानी कोष

अन्तर्गत संचालन हुने

कुमारी ईक्वीटी फण्ड
(Kumari Equity Fund)

को

विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको ।)

प्रति इकाई मूल्य रु.१०/– दरको ८,००,००,००० (आठ करोड) इकाईमध्ये न्यूनतम १,२०,००,०००/- (एक करोड बिस लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र प्रतिशत) इकाई कोष प्रवर्द्धक श्री कुमारी बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ६,८०,००,०००/- (छ करोड अस्सी लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ ।

योजना व्यवस्थापक तथा कोष प्रवर्द्धकको रेटिङ्ग गर्ने कम्पनी : श्री ईक्रा नेपाल लिमिटेड ।
योजना व्यवस्थापकको रेटिङ्ग : इक्रा नेपालबाट मिति २०७७/०८/३० मा योजना व्यवस्थापकको लागी रेटिङ्ग "[ICRANP] AMC Quality 3 (AMC3)" Adequate Credit Quality Rating Assigned by ICRA Nepal प्राप्त ; उक्त रेटिङ्ग २०७८/०८/२९ गते सम्म बहाल रहने ।

कोष प्रवर्द्धकको रेटिङ्ग: इक्रा नेपालबाट मिति २०७७/१०/२८ मा कोष प्रवर्द्धकको लागी रेटिङ्ग "[ICRANP-IR] BBB+"- (Pronounced as ICRA NP issuer rating triple B plus) प्राप्त ; उक्त रेटिङ्ग २०७८/१०/२४ गते सम्म बहाल रहने ।

योजनाको किसिम : बन्दमुखी
नेपाल धितोपत्र बोर्डमा योजना दर्ता मिति : २०७७/०७/२८
योजनाको अवधी : १० वर्ष
योजना परिपक्क हुने : इकाई बाँडफाँट भएको मितिले १० वर्ष
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७७/११/०३
इकाई बिक्री खुल्ला हुने मिति : २०७७/११/१४
इकाई बिक्री बन्द हुने मिति (छिटोमा) : २०७७/११/१८
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) : २०७७/११/२८
आवेदन दिनु पर्ने न्यूनतम इकाई संख्या : १०० (एक सय)
आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम : शत्प्रतिशत

पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्युनतम अवधी व्यतित भए पछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।

कोष प्रवर्द्धक

कुमारी बैंक लिमिटेड

फोन नं : ४४४३०७७/७९ । फ्याक्स : ४४४२९२१
ईमेल : kbl@kumaribank.com वेव साईट : www.kumaribank.com

कोष सुपरिवेक्षक	निष्काशन तथा बिक्री प्रवन्धकको कार्य आफै गर्ने योजना व्यवस्थापक
१. सुर्य प्रसाद कोइराला– एल.एल.एम, एम.पि.ए, एम.ए नेपाल सरकारको रा.प. तृतीय श्रेणी शाखा अधिकृत सेवा प्रवेश गरी ३० वर्ष भन्दा बढीको अनुभव **२. भरत राज पोखरेल– एम.बि.ए** शिक्षण पेशामा बिगत २७ वर्ष देखि पाठ्यक्रम विकास केन्द्रमा कार्यरत भै शैक्षिक उन्नतीका लागि महत्वपुर्ण भुमिका दिई बाणिज्य क्षेत्रलाई योगदान गरेको कार्य अनुभव । **३. कृष्ण प्रसाद ज्ञवाली– एम.बि.ए** बिगत २५ वर्ष देखी एडभान्स मनी ट्रान्सफर प्रा.लि. प्रमुखको व्यक्तिको रुपमा रहि कार्य सम्पादन गरेको कार्य अनुभव **४. नवराज बुर्लाकोटी– चार्टर्ड एकाउण्टेन्ट** बिगत २५ वर्ष देखि टिचिङ, एकाउन्टिङ, अडिटिङ, कन्सल्टीङ, व्यवस्थापनको अनुभव **५. प्रजित कुमार तिमल्सिना एम.बि.एस** शैक्षिक पेशामा १२ वर्ष भन्दा बढीको अनुभव	**कुमारी क्यापिटल लिमिटेड** नागपोखरी १ नक्साल, काठमाण्डौ फोन नं. ०१-५९०२२५६/५७ ईमेल : info@kumaricapital.com वेव साईट : www.kumaricapital.com

यस विवरण पुस्तिकाले - "योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभुति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडि विवरण पुस्तिका राम्रोसँग पढ्नु होला

२.१ बिषय सूची

क्र.सं.	क्र.सं.	विषय	पृष्ठ
१	२.२	विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा	३
२	२.३	विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु	३
३	२.४	विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा	३
४	**३**	**उद्घोषण**	४
५	३.१	कोष प्रवर्द्धकको उद्घोषण	४
६	३.२	योजना व्यवस्थापकको उद्घोषण	४
७	३.४	कोष सुपरिवेक्षकको उद्घोषण	४
८	**४**	**योजना सम्बन्धी संक्षिप्त जानकारी**	४
९	**५**	**कोष प्रवर्द्धक सम्बन्धि जानकारी**	६
१०	**६**	**योजना व्यवस्थापक सम्बन्धि विवरण**	१०
११	**७**	**कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धि विवरण**	१७
१२	**८**	**योजना सम्बन्धि जानकारी**	१९
१३	८.१	योजना सम्बन्धि विवरण	१९
१४	८.२	योजनाको उद्देश्य	२०
१५	८.३	योजनाले लगानी गर्ने क्षेत्र	२०
१६	८.४	विदेशमा लगानी गर्ने भए सो सम्बन्धी व्यवस्था	२०
१७	८.५	योजनाको वित्तिय प्रक्षेपण सम्बन्धी विवरण	२१
१८	८.६	योजनाको खर्च सम्बन्धि विवरण	२६
१९	८.७	योजनाको मुनाफा वितरणको लक्ष्य	२६
२०	८.८	लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कुनै पनि करका सम्बन्धी व्यवस्था	२६
२१	८.९	योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया	२६
२२	८.१०	खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था	२७
२३	८.११	योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा	२७
२४	**९**	**इकाई निष्काशन सम्बन्धी विवरण**	३०
२५	९.१	इकाई बिक्री खुला गरिने मिति तथा अवधी	३०
२६	९.२	आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी	३१
२७	९.३	आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु	३१
२८	९.४	खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या	३१
२९	९.५	इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था	३१
३०	९.६	आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु	३१
३१	**१०**	**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा**	३२
३२	**११**	**गुनासो सुन्ने र समाधान गर्ने प्रकृया**	३३
३३	**१२**	**योजना व्यवस्थापकको प्रतिबद्धता पत्र**	३४
३४	**१३**	**सञ्चालकहरुको सही छाप**	३५
३५	**१४**	**लेखापरिक्षकद्धारा प्रक्षेपित बित्तिय विवरणको प्रमाणिकरण**	३६

२.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धि ऐन, २०६३ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, (संशोधनसहित २०७६) २०६७ सम्झनु पर्दछ

(घ) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।

(ङ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नु अघि योजनाको सम्बन्धमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनुपर्छ ।

(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

(छ) "कोष प्रवर्द्धक" भन्नाले बोर्डमा नियमावली बमोजिम कुमारी सामूहिक लगानी कोष दर्ता गराउने बैंक कुमारी बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

(ज) "योजना व्यवस्थापक" भन्नाले कुमारी क्यापिटल लिमिटेड सम्झनु पर्दछ ।

(झ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम कुमारी सामूहिक लगानी कोषको सुपरिवेक्षण कार्यका लागि कुमारी बैंक लिमिटेडबाट नियुक्त व्यक्तिहरुको समुहलाई सम्झनु पर्दछ ।

(ञ) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सो को रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त संस्था सम्झनु पर्दछ ।

(ट) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ

(ठ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट प्राप्त रकम संकलन केन्द्रबाट तत्काल सुरक्षित तवरले राख्नका लागि खाता खोली व्यवस्था गरिएको बैंक वा वित्तिय संस्था सम्झनु पर्दछ ।

(ड) "इकाई" भन्नाले योजना अन्तर्गत निष्काशन गरीने धितोपत्रको इकाई सम्झनु पर्छ ।

२.३ (क) विवरण पुस्तिका प्राप्त गर्न सकिने स्थान :

सि.नं.	कम्पनीको नाम ठेगाना
१.	कुमारी क्यापिटल लिमिटेड, नागपोखरी नक्साल १, काठमाडौं ।
२.	कुमारी बैंक लिमिटेड, टंगाल २, काठमाडौं ।

साथै, विवरण पुस्तिका कुमारी क्यापिटल लिमिटेडको वेव साईट www.kumaricapital.com, कोष प्रवर्द्धकको वेभसाइट www.kumaribank.com वा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

(ख) दरखास्त बुझाउने स्थानहरु :

१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरीएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनु भन्दा अगाडी नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनु अघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

३. उद्घोषण :

३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

३.२ कोष प्रवर्द्धकको उद्घोषण :

प्रचलित कानून बमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा संचालनमा आउनेछ । योजना व्यवस्थापकको संचालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि संचालक मार्फत योजनाको व्यवसायिक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश विवरण सत्य तथ्य रहेका छन् । कोष प्रवर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको न्यूनतम १५ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ ।

३.३ योजना ब्यवस्थापकको उद्घोषण :

यस विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेका छन् । यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा जानकारी तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिकरुपमा जवाफदेहिता बहन गर्दछौं तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

३.४ कोष सुपरिवेक्षकको उद्घोषण :

यस विवरण पुस्तिकामा योजना सम्बन्धी सम्पुर्ण जानकारीहरु स्पष्टसँग राखिएको तथा यसले लगानी कर्तालाई योजनामा लगानीका लागि सु-सूचित निर्णयमा सघाउ पुऱ्याउने हाम्रो अपेक्षा रहेको छ । योजना व्यवस्थापकको योजना संचालन गर्नसक्ने क्षमता तथा नियमावलीले तोके बमोजिमका आवश्यक पुर्वाधार व्यवस्था गरेको आधारमा यो योजना स्वीकृत गरिएको छ । यस विवरण पुस्तिकामा योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक सम्बन्धमा समावेश गरिएका जानकारीहरु हामीले जाने बुझेसम्म सत्य तथ्य रहेका छन् ।

४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

क	योजनाको नाम	कुमारी ईक्वीटी फण्ड
ख	योजनाको आकार	८०,००,००,००० (अस्सी करोड)
ग	प्रति इकाई मूल्य	रु.१०।- (अक्षरेपी दश)
घ	निष्काशन गर्न लागिएको इकाई संख्या	८,००,००,००० (आठ करोड)
ङ	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	४,००,००,००० (चार करोड)
च	अधिकतम सकारिने इकाई संख्या	१०,००,००,००० (दश करोड)
छ	योजनाको प्रकार	बन्दमुखी (Close-end)
ज	योजनाको अवधि	१० वर्ष
झ	योजना परिपक्व हुने मिति	योजना इकाई बांडफांड भएको मितिले १० बर्ष (उक्त अवधी पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुमापितक हिसावले प्रचलित कानून बमोजिम वितरण गरिने)
ञ	योजना बिक्री खुला मिति	२०७७/११/१४
ट	योजना बिक्री बन्द मिति (छिटोमा) योजना बिक्री बन्द मिति (ढिलोमा)	२०७७/११/१८ २०७७/११/२८
ठ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु ।
ड	खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१००
ढ	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	८०,००,००० (अस्सी लाख)
ण	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी	इकाई विक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र

	व्यवस्था	निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ ।
त	सुचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गरी कारोवार हुने व्यवस्था गरिने छ ।
थ	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पूनः लगानीका लागि उपयोग गरिनेछ ।
द	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
ध	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	कुमारी क्यापिटल लिमिटेड नागपोखरी नक्साल, काठमाडौं । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७४।०६।३१ दर्ता नं. १७६६९४ नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मितिः २०७५।०९।१० र मिति २०७७/०६/०९ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त गरेको छ ।
न	योजना तथा योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	**योजनाको प्रस्तावित लेखापरिक्षक :** डि.ए.बि.एन एण्ड एसोसियट चार्टर्ड एकाउन्टेन्टस न्यू प्लाजा २९, काठमाडौं । **योजना ब्यवस्थापकको लेखापरिक्षक :** जि प्रकाश एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, शंखमुल ।
प	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. सुर्य प्रसाद कोइराला, का.म.न.पा ३२, काठमाडौं २. भरत राज पोखरेल, धरान-११, सुनसरी ३. कृष्ण प्रसाद ज्ञवाली, रुरु-१, गुल्मी ४. नवराज बुर्लाकोटी, सल्यानटार-७, धादिङ्ग ५. प्रजित प्रसाद तिमल्सिना, कलैया-१०, बारा
फ	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	**रेटिङ्ग कम्पनी :** श्री इक्रा नेपाल लिमिटेडले योजना ब्यवस्थापकलाई मिति २०७७/०८/३० मा रेटिङ्ग प्रदान गरेको र सोको अवधि २०७८/०८/२९ गते सम्म बहाल रहने छ । र यस म्युचुअल फण्ड अन्तर्गत जारी गर्न लागेको योजनाको कोष ब्यवस्थापकलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउन] "(ICRANP) AMC Quality 3 (AMC3)" प्रदान गरेको छ । AMC3 रटिङ्गले प्रदान गरिएको निकायको ब्यबस्थापन गुणता पर्याप्त मात्रामा आश्वस्थ हुन सकिने भनि निर्धारण गर्दछ । इक्रा नेपालले AMC1 देखि AMC5 सम्मको स्केलमा रेटिङ्ग प्रदान गर्दछ जसमा AMC1 ले अति उच्च मात्रामा ब्यवस्थापन गुणबारे आश्वस्थ मानिने र AMC5 ले कमजोर व्यवस्थापन गुण जनाउछ । गुणता रेटिङ्ग २, ३ र ४ मा प्रयोग गरीने (जोड) चिन्हले त्यस वर्गको तुलनात्मक सकारात्मक स्थीतिलाई जनाउछ । **कोष प्रबर्द्धकको रेटिङ्ग :**श्री इक्रा नेपाल लिमिटेडले कोष प्रबर्द्धककालाई मिति २०७७/१०/२८ "[ICRANP-IR] BBB+"-(Pronounced as ICRA NP issuer ratingtriple B plus) ग्रेडिङ्ग प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तिय दायित्व पूरा गर्ने तथा

		मध्यम कर्जा जोखिम रहने संस्थाको रूपमा लिइन्छ । उक्त रेटिङ्ग २०७८/१०/२४ गते सम्म बहाल रहन छ ।
ब	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
भ	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
म	खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.१०(क) र (ख) मा उल्लेख गरिएको छ ।

५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

५.१ कोष प्रवर्द्धकको नाम : श्री कुमारी बैंक लिमिटेड

५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत : १०० प्रतिशत

५.३ कोष स्थापित भएको ऐन/नियमसम्बन्धि विवरण :

प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुसार कारोवार गर्न इजाजत प्राप्त "क" बर्गको वित्तीय संस्था ।

५.४ कोष प्रवर्द्धक कम्पनीको संक्षिप्त ईतिहास :

कुमारी बैंक लिमिटेड तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम मिति २०५६/०८/२४ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अनुसार मिति २०५७/१२/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी "क" वर्गको बैंकको हैसियतले २०५७ साल चैत्र २१ गतेदेखि आफ्नो वित्तीय कारोबार संचालन गर्दै आएको छ । कुमारी बैंक लिमिटेडले काठमाडौं उपत्यकामा ४५ शाखा, उपत्यका बाहिर १४७ शाखा र १३ एक्सटेन्सन कार्यालय गरि कूल २०५ शाखा तथा एक्सटेन्सन कार्यालय मार्फत सेवा दिदै आइरहेको छ । यस कुमारी बैंकले जम्मा ९,८८,९६७ जना ग्राहकहरुलाई बैकिंग सेवा प्रदान गर्दै आइरहेको छ ।

५.५ कोष प्रवर्द्धक कम्पनीको प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र त्यस कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

(ङ) सामान्यतया, माथि उल्लिखित कुनै पनि उद्देश्यहरु पुरा गर्दा आइपर्ने वा त्यससँग सम्बद्ध वा ती उद्देश्यहरुको प्राप्तीका लागि उपयुक्त वा बैंकलाई लाभ हुने अन्य कुनै पनि कार्यहरु प्रचलित कानूनको अधिनमा रहि प्रारम्भ गर्ने, जिम्मा (Undertaking) लिने, सुप्रबन्ध गर्ने तथा संचालन गर्ने ।

५.६ कोष प्रवर्द्धकको वित्तिय विवरण सम्बन्धी जानकारी :

कुमारी बैंक लि. को विगत वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत वर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

समष्टिकृत वासलात

(रु दश हजारमा)

विवरण	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७
सम्पत्ति				
नगद तथा नगद समान	४७३,४७५	३७८,०६४	८८२,३८९	९१६,७७१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने	४९१,०८०	५५८,२७६	३५८,०५१	५८२,१५२
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१४८,४११	७१,४१०	३८,४३८	८५,२४५
डेरिभेटिभ वित्तीय उपकरण	२,३१९	-	५८५,८६५	७४१,६२१
अन्य व्यापारिक सम्पत्तिहरु	-	-	-	-
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापट	११३,९१६	१७७,८९३	३०३,५४०	३७९,६२१
ग्राहकलाई दिएको कर्जा तथा सापट	४,३५५,७०२	६,०५९,६५८	७,३०१,७९१	११,०७१,७२६
धितोपत्रमा(securities)लगानी	४७२,८८२	८८०,२९०	९३०,१५७	१,२९४,८८९
चालु कर सम्पत्ति	४,५२५	११,३७८	६,१२३	३२,९१२
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	२,०००	५,४६६	६,५२०	२६,०६८
सम्पत्तिमा लगानी(Investment Property)	१६,०१८	१३,४१७	८,८४२	६,०३५
सम्पत्ति तथा उपकरण	३५,०६५	४३,४३०	६६,२१०	१३८,९०६
ख्याती र अमूर्त सम्पत्ति	७४२	११,०४५	९,७३९	२०,७८५
स्थगन कर सम्पत्ति	-	-	७,७७९	९८९
अन्य सम्पत्ति	२५,४८२	४५,४६४	२८,६९५	४८,६९७
कूल सम्पत्ति	**६,१४१,६१६**	**८,२५५,७९२**	**१०,५३४,१४०**	**१५,३४६,४१८**
दायित्व				
बैंक तथा वित्तिय संस्थाहरुलाई तिर्न बाँकी	३३३,३५५	९९०,४१९	१,२१४,६४६	७४५,२२३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	१०१,९२९	५३,९५६	१४३,३२५	२२,५३६
डेरिभेटिभ वित्तीय उपकरण	-	६११	५७१,५३६	७३६,९६९
ग्राहकको निक्षेप	४,७६९,१७७	५,९५४,६३४	७,३२०,११४	११,६५४,७०३
तिर्न बाँकी कर्जा सापटी	-	-	-	-
चालु कर दायित्व	-	-	-	-
व्यवस्था	१५४	२२३	-	-
स्थगन कर दायित्व	९,६११	२,०७६	-	-
अन्य दायित्व	१०१,०५४	१९६,३७०	१०७,६२१	१४६,५१८
जारी गरिएको ऋणपत्र	-	-	-	२९९,५१२
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	-	-	-	-
कूल दायित्व	**५,३१५,२७९**	**७,१९८,२८८**	**९,३५७,२४२**	१३,६०५,४६०
इक्विटी				
शेयर पूँजी	५९६,९५०	७१६,३३९	८६८,५५७	१,२५२,००५
शेयर प्रिमियम	-	५,४८०	५,४८०	५७,१६३
संचित मुनाफा	११५,४६०	१५६,१९८	९३,३६०	१४५,७८३
जगेडा तथा कोषहरु	११३,९२७	१७९,४८६	२०९,५०१	२८६,००७
शेयर धनीहरुलाई बाँडफाँड योग्य कुल इक्विटी	**८२६,३३७**	**१,०५७,५०४**	**१,१७६,८९८**	**१,७४०,९५८**
गैर नियन्त्रित स्वार्थ (Non-Controlling Interest)	-	-	-	-
कूल इक्विटी	**८२६,३३७**	**१,०५७,५०४**	**१,१७६,८९८**	**१,७४०,९५८**
कूल दायित्व र इक्विटी	**६,१४१,६१६**	**८,२५५,७९२**	**१०,५३४,१४०**	**१५,३४६,४१८**

समष्टिकृत नाफा नोक्सान हिसाब

(रु दश हजारमा)

विवरण	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७
व्याज आम्दानी	३७३,६८८	६८०,४०१	९१०,३३९	१,०५९,००८
व्याज खर्च	२२९,९२८	४७७,१३३	६२२,५०३	६९९,६०८
खुद व्याज आम्दानी	**१४३,७६०**	**२०३,२६८**	**२८७,८३७**	३५९,४००
शुल्क तथा कमिशन आम्दानी	२७,८८८	३९,६८२	४७,८९५	५२,९३२
शुल्क तथा कमिशन खर्च	२,३५४	२,७३२	३,१८७	३,५८३
खुद शुल्क र कमिशन आम्दानी	**२५,५३४**	**३६,९४९**	**४४,७०८**	**४९,३४९**
खुद व्याज शुल्क र कमिशन आम्दानी	**१६९,२९४**	**२४०,२१७**	**३३२,५४५**	**४०८,७४९**
खुद व्यापारिक आम्दानी	८,५२६	१४,८९५	२५,८९०	३५,५३२
अन्य संचालन आम्दानी	६,११३	१०,०१६	७,१९७	४,२१३
जम्मा संचालन आम्दानी	**१८३,९३३**	**२६५,१२९**	**३६५,६३२**	**४४८,४९४**
कर्जाको जोखिम व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी)	(५,६०१)	३,१९५	२२,९०३	४६,१७९
खुद संचालन आम्दानी	**१८९,५३४**	**२६१,९३४**	**३४२,७२९**	**४०२,३१६**
सञ्चालन खर्च				
कर्मचारी खर्च	५१,८६३	८०,१८४	९७,८८९	१४१,५८७
अन्य सञ्चालन खर्च	२४,८१५	३८,१२३	५५,६०३	७०,४८५
ह्रासकट्टी र परिषोधन (Amortization)	४,५९५	७,९२१	१२,०१३	१७,८३९
सञ्चालन मुनाफा	**१०८,२६१**	**१३५,७०५**	**१७७,२२५**	**१७२,४०५**
गैर सञ्चालन आम्दानी	६,८६२	५,९१९	१,१८४	२,२५९
गैर सञ्चालन नोक्सानी	-	-	१०३	३
आय कर अघिको मुनाफा	**११५,१२३**	**१४१,६२४**	**१७८,३०६**	**१७४,६६०**
आयकर खर्च	३५,८०९	३४,०००	५४,७६७	५५,५२४
चालु कर	३१,२४७	४१,१५५	६२,३९४	५६,४३९
स्थगन कर	४,५६२	(७,१५५)	(७,६२६)	(९१५)
यस अवधिको मुनाफा	**७९,३१४**	**१०७,६२४**	**१२३,५३९**	**११९,१३६**
समस्टिकृत बिस्तृत आयको संक्षिप्त बिवरण				
यस अवधिको मुनाफा	-	-	-	-
अन्य बिस्तृत आय	-	-	-	-
यस अवधिको जम्मा बिस्तृत मुनाफा	-	-	-	-
नाफा वाँडफाँड				
बैंकको शेयर धनी	**७९,३१४**	**१०७,६२४**	**१२३,५३९**	**११९,१३६**
गैर नियन्त्रित स्वार्थ (Non-Controlling Interest)	-	-	-	-
यस अवधिको मुनाफा	**७९,३१४**	**१०७,६२४**	**१२३,५३९**	**११९,१३६**

समष्टिकृत नगद प्रवाह विवरण

(रु दश हजारमा)

विवरण	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७
कारोवार संचालनबाट नगद प्रवाह				
व्याज आम्दानी	३७२,८४७	६६७,०७२	८८१,९६१	१,०२५,०२४
शुल्क तथा अन्य आम्दानी	२७,८८८	३९,६८२	४६,५९९	५२,८५७
लाभांश आम्दानी	-	-	-	-
अन्य संचालन कारोवारहरुबाट आम्दानी	२०,१३८	२३,७३४	३४,५६४	३८,५३८
व्याज खर्च	(२२९,९२८)	(४७७,१३३)	(६२१,१४५)	(६८७,४७८)
कमिशन तथा शुल्क खर्च	(२,३५४)	(२,७३२)	(३,१८७)	(३,५८३)
कर्मचारी खर्च	(३४,८२९)	(७१,१५८)	(९२,६३७)	(१३१,२५३)
अन्य खर्च	(२४,८१५)	(३८,०९२)	(८७,४४८)	(४७,४२१)
संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह	**१२८,९४७**	**१४१,३७३**	**१५८,७०८**	**२४६,६८५**
संचालन सम्वन्धि चालु सम्पत्तिमा (कमि/(वृद्धि)	-	-	-	-
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	(१८०,६३२)	(६७,१९६)	२००,२२५	१२९,५२४
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात	२३,६२०	७७,००१	३२,९७१	(४६,१९७)
अन्य व्यापारिक सम्पत्ति	-	-	-	-
बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापट	(४३,९३०)	(६४,६२३)	(१२५,६४७)	(१७,७०२)

ग्राहकलाई दिएको कर्जा तथा सापट	(१,४४३,१२१)	(१,६९५,९४३)	(१,२२३,१३३)	(१,७३०,२४६)
अन्य सम्पत्ति	(१८,३१२)	(१७,६९२)	(५५९,६८९)	(११४,२०६)
संचालन सम्वन्धी चालु दायित्वमा (कमि/वृद्धि	-	-	-	-
बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी	(१६३,७७१)	६७७,०६४	२२४,२२७	(६२५,०६७)
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	(१६,६८४)	(४७,९७३)	८९,३६९	(१२०,७८९)
ग्राहकको निक्षेप	१,५८९,८६३	१,१८५,४५७	१,३६५,४८१	१,९८५,८९६
ऋण तथा सापटी	-	-	-	-
अन्य दायित्व	३६,३०५	८९,७३४	४६८,९४७	१४०,३७२
आयकर भुक्तानी अघिको कारोवार सञ्चालनबाट खुद नगद प्रवाह	**(८७,७१५)**	**२७७,२०१**	**६३१,४५८**	**(१५१,७३०)**
आयकर भुक्तानी	(३९,१४२)	(४८,३८९)	(५७,१३८)	(८१,७२६)
कारोवार संचालनबाट खुद नगद प्रवाह	**(१२६,८५७)**	**२२८,८१२**	**५७४,३२०**	**(२३३,४५६)**
लगानी कारोवारबाट नगद प्रवाह				
धितोपत्र लगानी खरिद	(९१,६०८)	(४२७,४०८)	(५१,०७६)	(२८३,२४२)
धितोपत्र लगानी बिक्रिबाट प्राप्ति	-	१,५२१	१,२१०	८,१३७
सम्पत्ति तथा उपकरणहरुको खरिद	(१३,२४०)	(१५,९०१)	(३१,६२२)	(४८,७०४)
सम्पत्ति तथा उपकरणहरुको बिक्रिबाट प्राप्ति	१०	५८४	१,४०५	१,१३०
अमूर्त सम्पत्तिको खरिद	(६२०)	(१०,६८९)	१,३०६	(९,२९८)
अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ति	२,०३६		-	-
लगानी सम्पत्तिको (Investment Property)खरिद	९,७२०	२,६०१	-	-
लगानी सम्पत्तिको (Investment Property) बिक्रीबाट प्राप्ति	-	१,००२	-	-
व्याज आम्दानी	-	-	-	-
लाभांश आम्दानी	१८६	५२२	१,००४	१,२६५
लगानी कारोवारमा खुद नगद प्रवाह	(९३,५१७)	(४४७,७६७)	(७७,७७५)	(३३०,७११)
वित्तीय कारोवारबाट नगद प्रवाह				
ऋणपत्र निष्काशनबाट प्राप्ति	-	-	-	३००,०००
ऋणपत्रको भुक्तानी	-	-	-	-
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व निष्काशनवाट प्राप्ती	-	-	-	-
सुरक्षण नराखिएको सहायक आवधिक दायित्वको भुक्तानी				-
शेयर निष्काशनबाट प्राप्ति	१३३,६१८	१२३,५४४	-	-
लाभांश खर्च	-	-	-	(४,५७१)
व्याज खर्च	-	-	-	(१४,४३४)
अन्य प्राप्ति/भुक्तानी	१९७,४७१	-	७,७७९	-
वित्तीय कारोवारबाट खुद नगद प्रवाह	**३३१,०८९**	**१२३,५४४**	**७,७७९**	**२८०,९९५**
क्यबसाय प्राप्तिबाट भएको खुद नगद प्रवाह	-	-	-	३१७,८३०
नगद प्रवाहमा भएको खुद (कमि)/बृद्धि	**११०,७१५**	**(९५,४११)**	**५०४,३२५**	**३४,६५७**
नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात	३६२,७६०	४७३,४७५	३७८,०६४	८८२,११४
नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर	-	-	-	-
नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात	**४७३,४७५**	**३७८,०६४**	**८८२,३८९**	**९१६,७७१**

विगत वर्षको प्रतिशेयर आम्दानी (EPS) निम्नानुसार छ।

विवरण	वास्तविक			
	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७
प्रति शेयर आम्दानी (EPS)	१३.२९	१५.०२	१४.१८	१२.४३

विगत वर्षको नेटवर्थ सम्बन्धि विवरण देहाय बमोजिम छ :

(रु दश हजारमा)

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७
चुक्ता पूँजी	५९६,९५०	७१६,३३९	८६८,५५७	१,२५२,००५
जगेडा तथा कोषहरु	२२९,३८७	३४१,१६४	३०८,३४१	४८८,९५३
जम्मा	**८२६,३३७**	**१,०५७,५०३**	**१,१७६,८९८**	**१,७४०,९५८**
घटाउने: अपलेखन गर्न बाँकी खर्च	-	-	-	-
जम्मा नेट वर्थ	**८२६,३३७**	**१,०५७,५०३**	**१,१७६,८९८**	**१,७४०,९५८**
शेयर संख्या दश हजारमा	**५,९७०**	**७,१६३**	**८,६८६**	**१२,५२०**
प्रति शेयर नेट वर्थ (रु.)	**१३८।४३**	**१४७।६३**	**१३५।५०**	**१३९।०५**
प्रति शेयर चुक्ता पूँजी (रु.)	**१००**	**१००**	**१००**	**१००**

६. योजना व्यवस्थापक सम्बन्धि विवरण :

६.१ योजना व्यवस्थापकको परिचय :

(क) योजना व्यस्थापकको नाम : श्री कुमारी क्यापिटल लिमिटेड ।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धि विवरण

योजना व्यवस्थापक कम्पनी : श्री कुमारी क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रूपमा कार्य गर्न अनुमती प्राप्त संस्था हो ।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : नागपोखरी नक्साल १, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :

योजना व्यवस्थापक श्री कुमारी क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७४/०६/३१ मा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रूपमा कार्य गर्न बोर्डबाट मिति २०७५/०९/१० मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिग सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल धितोपत्र बोर्डबाट सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/०६/०९ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था हो । यस कम्पनीले निष्काशन तथा व्यवस्थापन गर्न लागेको यो कुमारी ईक्वीटी फण्ड पहिलो योजना हो । कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधिकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान गर्दै आईरहेको छ ।

(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको देहाय बमोजिमका प्रमुख उद्देश्यहरु रहेका छन् ।

१. कम्पनीका लगानीकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणहरुलाई गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

२. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

४. ग्राहक बजारमा बजार निर्माता सम्बन्धी सेवा प्रदान गराउने ।

(च) योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली प्राप्त वा हेर्न सक्ने ठाउँ :

योजना व्यवस्थापक कुमारी क्यापिटल लिमिटेडको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न तथा हेर्न योजना व्यवस्थापकको कार्यालय नागपोखरी नक्साल, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) व्यवसाय/ सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

कुमारी क्यापिटल लिमिटेडले यो पहिलो बन्दमुखि योजना संचालनमा ल्याउन लागेको छ जसको सूचीकरण नेपाल स्टक एक्सचेन्जमा भई इकाईहरुको कारोवार गर्न पाउने छन् । कम्पनीले बजारको अवस्था हेरी यी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखि तथा खुल्लामुखि योजनाहरु समेत संचालनमा ल्याउने योजना रहेको छ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधिमा सुधार गरी नेपाल भर आफ्नो सेवा विस्तार गर्ने तथा लगानी (इन्भेष्टमेन्ट) बैंकिङ्गको क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ । यस कम्पनीले मर्चेन्ट बैंकिग व्यवसायको साथै लगानी व्यवस्थापनको सबै क्षेत्रमा व्यवसायिक सेबा प्रदान गर्नको निमित्त ध्यान केन्द्रित गरेको छ । यसको लागि चाहिने दक्ष्य जनशक्तिका लागि चाहिने प्रशिक्षण तथा तालिमको समेत व्यवस्था गरि गुणस्थरीय सेवा प्रदान गरिनेछ । साथै यस कम्पनीले आधुनिक प्रविधि मैत्री सेवाहरुमा जोड दिई कारोबार गर्दै आइरहेको छ र गर्दै जाने छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :

हालसम्मको अवस्थामा आइपुग्दा सामूहिक लगानी कोषले पूँजी बजारमा हुने जोखिमलाई न्युनिकरण गर्दै लगानीकर्ताहरुलाई राम्रो प्रतिफल प्रदान गर्दै आइरहेको छ । सो कुरालाई विगतमा अवधि पुरा (Matured) भएका र हाल सञ्चालनमा रहेका योजनाहरुले समेत राम्रो प्रतिफलको तथ्य प्रमाणित गरेका छन् । आम लगानीकर्ताहरुले सामूहिक लगानी कोष मार्फत गरिने लगानीका क्षेत्रहरुलाई आफ्नो लगानीको "मोडल" समेत बनाउने गरेकोले यसको महत्व दिनप्रतिदिन बढ्दै गइरहेको देखिन्छ ।

बजारमा उपलब्ध तरलता, ब्याजदर तथा लगानीका अन्य बैकल्पिक स्रोतहरुले गर्दा हाल बजारमा जारि गरिएका केही योजनाहरु पूर्ण रुपमा बिक्री नभएको दृष्टान्त समेत रहेको छ । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिष्पर्धी रहन बजार अनुकुल रणनीति तयार गरि लागू गरेको छ । यस कम्पनीले लगानीमा हुने जोखिमहरुलाई मध्यनजर गरी विभिन्न नीति नियम मार्फत लगानीलाई विविधिकरण, पारदर्सि तथा विवेकपूर्ण बनाई आगामि दिनमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास गरिएको छ ।

६.३ योजना व्यवस्थापकको संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकको ५ सदस्यीय संचालक समिति रहेको छ । जसमा सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम एक तिहाई अर्थात २ जना सदस्य स्वतन्त्र संचालक रहेका छन् भने कोष प्रवर्द्धक कम्पनी कुमारी बैंक लि. को तर्फबाट तीन जना प्रतिनिधि रहेका छन् ।

६.४ योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत पूँजी : ५०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु ५०,००,००,०००।- (अक्षरेपी पचास करोड मात्र)

(ख) जारी पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड मात्र)

(ग) चुक्ता पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड मात्र)

६.५ योजना व्यवस्थापकको संस्थापक/संचालक सम्बन्धी जानकारी :

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव :

क्र.स.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री कुमारी बैंक लिमिटेड	टंगाल २, काठमाडौं	लागु नहुने	१००%	लागु नहुने	लागु नहुने

(ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

सि. नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	श्री अनुज मणि तिमिल्सिना	अध्यक्ष	५५	नेपाली	हरिसिद्धि, ललितपुर	स्नातकोत्तर	• हिमालयन बैंक लिमिटेडमा बरिष्ठ अधिकृतको रुपमा करिब छ वर्षको कार्य अनुभव • नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडमा उप प्रबन्धकको रुपमा करिव १० बर्षको कार्य अनुभव • सेञ्चुरी बैंक लिमिटेडमा उप प्रमुख कार्यकारी अधिकृतको रुपमा करिब २ बर्षको कार्य अनुभव तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा करिब २ बर्षको कार्य अनुभव • कुमारी बैंक लिमिटेडमा बरिष्ठ सहायक प्रमुख कार्यकारी अधिकृतको रुपम बिगत ४ बर्ष देखिको कार्य अनुभव
२.	श्री राम चन्द्र खनाल	संचालक	४०	नेपाली	बोर्लाङ-०८, गोरखा	सि.ए/बि.बि.एस.	• सानिमा बैंक लिमिटेडमा प्रमुख वित्त, नियम पालना अधिकृतको रुपमा ११ महिनाको कार्य अनुभव • सिद्धार्थ बैंक लिमिटेडमा प्रमुख वित्त र योजनाका रुपमा करिव ७ वर्षको कार्य अनुभव • कुमारी बैंक लिमिटेडमा प्रमुख संचालन अधिकृतको रुपम बिगत ४ बर्ष देखिको कार्य अनुभव
३.	श्री बिकाश खनाल	संचालक	४५	नेपाली	किर्तिपुर वडा नं. २	एम.बि.ए .	• बैक अफ काठमाडौ लिमिटेडमा सहायक प्रबन्धकको रुपमा करिब १० बर्षको कार्य अनुभव • कुमारी बैंक लिमिटेडमा प्रमुख कर्जा जोखिम ब्यवस्थापकको रुपम बिगत ११ बर्ष देखीको कार्य अनुभव
४.	अनिल जोशी	स्वतन्त्र संचालक	४४	नेपाली	जे ५०४ सन सिटी अर्पाटमेन्ट, कागेश्वरी न.पा.	सि.ए	• कुबेर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्मा सन् २०१५ देखि हाल सम्म साझेदारको रुपमा कार्यरत • एमजे एशोशिएट्स चार्टर्ड एकाउन्टेन्टस्मा करिब ८ वर्ष सम्म साझेदारको रुपमा कार्यानुभव • चित्रकार शर्मा एण्ड कम्पनीमा करिब २ वर्ष

							सम्म लेखा प्रशिक्षणार्थीको रुपमा कार्यानुभव
५.	हरि प्रसाद वाग्ले	स्वतन्त्र संचालक	४०	नेपाली	ललितपुर जावलाखेल भनिमंडल	एम.फिल	• ईक्वीटी भेन्चर क्यापिटल लिमिटेडमा अध्यक्ष भई करिब २ बर्षको कार्य अनुभव • विगत सन् २००९ देखि अहिले सम्म बिभिन्न ब्रोकर कम्पनीमा वित्तीय र पूजीबजारको परामर्शदाताका रुपमा कार्यरत • युनिग्लोब कलेजमा व्यवस्थापन संकायको सदस्यको रुपमा सन् २०१८ बाट हाल सम्म कार्यरत • एस इन्टरनेशनल विजिनेश स्कूलमा व्यवस्थापन संकायको सदस्यको रुपमा सन् २०१४ बाट हाल सम्म कार्यरत • एस इन्सटिच्युट अफ म्यानजमेन्टमा व्यवस्थापन संकायको सदस्यको रुपमा सन् २०११ बाट हाल सम्म कार्यरत

(ग) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

सि. नं.	संस्थापक कम्पनीको नाम	कम्पनीले गर्ने व्यवसाय	संचालकहरुको		
			नम	पद	ठेगाना
१.	श्री कुमारी बैंक लिमिटेड	बैंकिङ्ग व्यवसाय	श्री अमिर प्रताप ज.ब.रा	अध्यक्ष	का.म.न.पा., वडा नं.३३, मैतिदेवी
			श्री कृष्ण प्रसाद ज्ञवाली	संचालक	लिंघा-०३, गुल्मी
			श्री महेश प्रसाद पोखरेल	संचालक	बुढानिलकण्ठ-१२, काठमाण्डौं
			श्रीमती अनुराधा चौधरी	संचालक	बागबजार -३१, काठमाण्डौ
			श्री प्रो डा. गणेश प्रसाद पाठक	स्वतन्त्र संचालक	तिलोत्तमा-०५, मणिग्राम, रुपन्देही

(घ) संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :

क्र. सं.	संचालकको नाम	आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना	पद
१.	अनुज मणि तिमल्सिना	श्री कुमारी बैंक लिमिटेड	नायब प्रमुख कार्यकारी अधिकृत
२.	रामचन्द्र खनाल	श्री कुमारी बैंक लिमिटेड	प्रमुख संचालन अधिकृत
३.	बिकास खनाल	श्री कुमारी बैंक लिमिटेड	प्रमुख जोखिम ब्यबस्थापन अधिकृत
४.	अनिल जोशी	सो नभएको	
५.	हरि प्रसाद वाग्ले	सो नभएको	

(ङ) संचालकहरुलाई दिईएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

सञ्चालक समिति वा अन्य उपसमितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक प्रत्येक सञ्चालक तथा आमन्त्रितलाई रू ५,००० र कम्पनी सचिबलाई रु २,५०० भत्ता प्रदान गरिएको छ ।

६.६ योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी :

(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	उमेर	शैक्षिक योग्यता	अनुभव
१.	श्री अश्विन बाबु श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	३४	सि.ए	•बिगत १३ वर्ष देखी बिभिन्न अडिट फर्म, क्यापिटल तथा बैंक को कार्य अनुभव (कुमारी बैंक लिमिटेडमा बिगत ५ वर्षको अनुभव) तथा यस कुमारी क्यापिटल लिमिटेडमा २०७७/०२/३२ मा प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त भएको ।
२.	श्री पुष्प शर्मा	प्रमुख सञ्चालन अधिकृत	३८	बिबिएस सिए अन्तिम तह	• बिगत १० बर्ष देखि बैंकिङ्ग क्षेत्रमा कार्य अनुभव । उहाँ कुमारी क्यापिटल लिमिटेडमा आवद्ध हुनु पूर्व नेपाल एसबिआई बैंक लिमिटेडबाट काजमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडको प्रमुख वित्त अधिकृत र नि. प्रमुख सञ्चालन अधिकृतमा रुपमा रहि कार्य गर्नु भएको ।
३.	श्री सबिन बुढाथोकी	प्रमुख-मर्चेन्ट बैकिंग	३५	एमबिएस तेस्रो सेमेस्टर	•कुमारी क्यापिटल लिमिटेडमा मर्चेण्ट बैंकिङ्ग प्रमुख को रुपमा विगत १ वर्ष ६ महिना देखी कार्यरत रहेको । • सिद्धार्थ क्यापिटल लिमिटेडमा करिब ४ बर्षको कार्य अनुभव । • नविल इन्भेष्टमेण्ट बैकिंगमा करिब ४ बर्षको कार्य अनुभव । • एनएमबि क्यापिटल लिमिटेडमा करिब २ बर्षको कार्य अनुभव ।
४.	श्री काजी थेबे	प्रमुख- वित्त, प्रशासन तथा मानव संसाधन	३१	सिए अन्तिम तह	• कुमारी क्यापिटल लिमिटेडमा प्रमुख- वित्त, प्रशासन तथा मानवसंसाधन को रुपमा विगत १ वर्ष ६ महिना देखी कार्यरत रहेको । • सिद्धार्थ क्यापिटल लिमिटेडमा करिब २ बर्षको कार्य अनुभव । बि.आर पराजुली एण्ड एशोसिएट्समा करिब १ बर्षको कार्य अनुभव । • बेकर टिल्ली देव एशोसिएट्समा करिब ३ वर्ष १ महिनाको कार्य अनुभव ।
५.	श्री सुमन गौतम	प्रमुख- इन्भेष्टमेन्ट बैकिङ्ग	२९	एम.ए अर्थशास्र्थ	• कुमारी क्यापिटल लिमिटेडमा प्रमुख- इन्भेष्टमेन्ट बैकिङ्ग को रुपमा बिगत १ महिना देखी कार्यरत । • सेञ्चुरी क्यापिटल मार्केट्स लिमिटेडमा करिब १ बर्ष ८ महिनाको कार्य अनुभव । • लक्ष्मी क्यापिटल मार्केट् लिमिटेडमा करिब ८ महिनाको कार्य अनुभव । • सेञ्चुरी बैंक लिमिटेडमा करिब २ बर्षको काय अनुभव ।

(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

क्र.स.	नाम	पद	आ.व. २०७६।७७ को तलब तथा भत्ता (रु.)
१. *	राजेश श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	२२,५०,०००/-
२. **	श्री अश्विन बाबु श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	-
३.	श्री पुष्प शर्मा	प्रमुख संचालन अधिकृत	७,८२,३१३/- (करिब ४ महिनाको)
४.	श्री सबिन बुढाथोकी	प्रमुख-मर्चेन्ट बैकिंग	९,१०,८७०.७३/-
५.	श्री काजी थेबे	प्रमुख- वित्त, प्रशासन तथा मानवसंसाधन	८,७३,२८८.३७/-

* कुमारी बैंक लिमिटेड र कुमारी क्यापिटल लिमिटेड बिच भएको व्यवस्थापन करार बमोजिम कुमारी बैंक लिमिटेडबाट खटाईएको तथा सो बमोजिम कुमारी बैक लिमिटेडलाई भुक्तानी दिएको ।

** कुमारी क्यापिटल लिमिटेडले भुक्तानी गर्नु नपर्ने शर्तमा कुमारी बैंकबाट खटाईएको ।

६.७ योजना व्यवस्थापकको वित्तिय विवरण सम्बन्धी जानकारी :

योजना व्यवस्थापकको सञ्चालन अवधिको तीन वर्ष व्यतीत भैसकेको विगत तीन वर्षको र लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :

कुमारी क्यापिटल लिमिटेडको **आ.व. २०७४।७५, आ.व. २०७५।७६ र २०७६।७७ लेखापरिक्षण भएको** वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

वासलात

(रु दश हजारमा)

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
सम्पत्ति			
स्थिर सम्पत्ति			
सम्पत्ति, प्लान्ट र उपकरण	–	–	५४०
अमूर्त सम्पत्ति	–	–	१०२
परिशोधित मुल्यमा मापन गरिने वित्तिय सम्पत्ति	–	१,०००	७,७५२
नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तिय सम्पत्ति	–	–	३६६
कूल स्थिर सम्पत्ति	–	१,०००	८,७६१
चालु सम्पत्ति			
परिशोधित मुल्यमा मापन गरिने वित्तिय सम्पत्ति	–	१७,०००	११,०००
मौज्दात	–	–	१२
व्यापार र अन्य प्राप्य	–	४५	८
चालु कर सम्पत्ति	–	–	८३
नगद तथा नगद समान	२०,०००	२,४७८	१,७०७
कूल चालु सम्पत्ति	**२०,०००**	**१९,५२३**	**१२,८१०**
कूल सम्पत्ति	**२०,०००**	**२०,५२३**	**२१,५७१**
पूँजी तथा दायित्व			
गैर चालु दायित्व			
स्थगन कर दायित्व	–	–	१४
कुल गैर चालु दायित्व	**–**	**–**	**१४**
चालु दायित्व			
तिर्न बाकी रकम	३१	३	२८९
चालु कर दायित्व	–	४९	–
व्यवस्था	–	–	१७६
स्थगन कर दायित्व	–	–	५
कूल चालु दायित्व	**३१**	**५३**	**४७०**
पूँजी			
शेयर पूँजी	२०,०००	२०,०००	२०,०००
जगेडा कोष	(३१)	४७०	१,०८६
अन्य जगेडा कोष	–	–	–
कूल पूँजी	**१९,९६९**	**२०,४७०**	**२१,०८६**
कूल पूँजी तथा दायित्व	**२०,०००**	**२०,५२३**	**२१,५७१**

नाफा नोक्सान हिसाव विवरण

(रु दश हजारमा)

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
आम्दानी			
मर्चेण्ट बैंकिङ्ग गतिविधिबाट आम्दानी	–	–	४३९
व्याज आम्दानी	–	८४१	२,०८०
नाफा नोक्सान खाता मार्फत फेयर भ्याल्युमा मापन गरिने वित्तिय सम्पत्ति अवास्तविक नाफा/(नोक्सान)	–	–	७
अन्य आम्दानी	–	१	–
कूल सञ्चालन आम्दानी	**–**	**८४२**	**२,५२६**
मर्चेण्ट बैंकिङ्ग सम्बन्धी खर्चहरु	–	१३०	११५
सञ्चालन नाफा	**–**	**७१२**	**२,४१०**
कर्मचारी खर्च	–	३	८०२
सामान्य प्रशासनिक खर्च	–	७	१०६
इजाजतपत्र शुल्क	१३	–	–
दर्ता शुल्क	१६	–	–
लेखापरिक्षण शुल्क	३	–	–

सम्पत्ति र उपकरणको ह्रासकट्टी	–	–	२८
अमूर्त सम्पत्तिको परिशोधन	–	–	१९
कर अघिको नाफा	**–**	**७०३**	**१,४५५**
आय कर खर्च	–	२०१	४३९
- चालु कर खर्च	–	२०१	४२५
- स्थगन कर खर्च	–	–	१४
यस वर्षको नाफा	(३१)	**५०१**	**१,०१६**
मुनाफाको वितरण	–	–	–
शेयरधनीहरु	–	५०१	१,०१६
प्रति शेयर आम्दानी	–	२.५१	५.०८

नगद प्रवाह विवरण **(रु दश हजारमा)**

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
कारोबार सन्चालनबाट नगद प्रवाह			
आम्दानीबाट नगद प्राप्ति	**-**	**७९८**	**२,३७३**
मर्चेण्ट बैंकिङ्ग संचालनबाट आम्दानी	-	-	४३९
ब्याज आय	-	७९७	१,९३४
अन्य आय	-	१	-
नगद भुक्तानी	**(३१)**	**१४०**	**१,०२३**
मर्चेण्ट बैंकिङ्ग संग सम्बन्धित खर्चहरु	-	१३०	११५
कर्मचारी खर्च	-	३	८०२
सामान्य प्रशासनिक खर्च	(३१)	७	१०६
अन्य खर्चहरु	-	-	-
कार्यगत पूँजीमा भएको परिवर्तन अघिको नगद प्रवाह	**३१**	**६५८**	**१,३५०**
चालु सम्पत्तिमा कमि/(वृद्धि)	**३१**	**-**	**२५**
अल्पकालिन लगानी कारोवारमा कमि/(वृद्धि)	-	-	-
अन्य चालु सम्पतिमा कमि/(वृद्धि)	३१	-	२५
चालु दायित्वमा (कमि)/वृद्धि	**-**	**(२८)**	**४६७**
अल्पकालिन सापटीमा कमि/(वृद्धि)	-	-	-
अन्य चालु दायित्वमा कमि/(वृद्धि)	-	(२८)	२९१
तिर्न बाँकि रकममा कमि/(वृद्धि)	-	-	१७६
आय करको भुक्तानी	**-**	**(१५२)**	**(५५८)**
लगानी कारोवारबाट नगदप्रवाह	**-**	**(१८,०००)**	**(१,६५५)**
दीर्घकालिन लगानीको खरिद	-	(१८,०००)	(१,१११)
दीर्घकालिन लगानीको निसर्गबाट प्राप्त	-	-	-
सम्पत्ति, उपकरण र अमूर्त सम्पत्ति खरिद	-	-	(६९०)
सम्पत्ति, उपकरण र अमूर्त सम्पत्तिको निसर्गबाट प्राप्त	-	-	-
दीर्घकालिन लगानीबाट व्याज आय	-	-	१४६
लाभांश आय	-	-	-
अन्य	-	-	-
वित्तिय कारोवारबाट नगदप्रवाह	**२०,०००**	**-**	**(४००)**
दीर्घकालिन लगानी (बण्ड, डिबेञ्चर आदि) मा कमि/वृद्धि	-	-	-
शेयर पूँजीमा कमि/वृद्धि	२०,०००	-	-
लाभांशको भुक्तानी	-	-	(४००)
अन्य दायित्वमा कमि/वृद्धि	-	-	-
नगद तथा नगद समानमा भएको खुद (कमि)/वृद्धि	**२०,०००**	**(१७,५२२)**	**(७७१**
नगद तथा नगद समानमा रहेको शुरु मौज्दात	**-**	**२०,०००**	**२,४७८**
नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात	**२०,०००**	**२,४७८**	**१,७०७**

६.८ योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट निर्धारित Nepal AccountingStandard (NAS) र Nepal Financial Reporting Standard (NFRS) अनुरुपको लेखा नीति पालना गरेको छ ।

६.९ योजना व्यवस्थापकको लेखा परीक्षकको नाम तथा ठेगाना :

जि प्रकाश एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, शंखमुल श्री प्रकाश गौतमले योजना व्यवस्थापकको बढीमा तीन वर्षको मात्र लेखा परिक्षण गर्ने गरि नियुक्त गरिएको छ ।

६.१० योजना व्यवस्थापको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भइ जरिवाना वुझाएको भए सो सम्बन्धी विवरण

सो नभएको ।

६.११ यो योजना भन्दा अगाडीको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण :

सो नभएको ।

६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग संकेत :

योजना व्यवस्थापकको फण्ड म्यानेजमेन्ट क्वालिटि रेटीङ्ग गरिएको तथा कोष प्रबर्द्धकको इस्सुअर रेटिङ्ग गरिएको र सोको विवरण तल उल्लेख गरिएको छ :

रेटिङ्ग कम्पनी : श्री इक्रा नेपाल लिमिटेड, काठमाण्डौं यस म्युचुअल फण्ड अन्तर्गत जारी गर्न लागेको योजनाको कोष ब्यबस्थापकलाई इक्रा नेपाल लिमिटेडले मिति २०७७/०८/३० औषत आधारहरु (Fundamentals) जनाउने] "(ICRANP) AMC Quality 3 (AMC3)" प्रदान गरेको छ । AMC3 रटिङ्गले प्रदान गरिएको निकायको व्यबस्थापन गुणता पर्याप्त मात्रामा आश्वस्थ हुन सकिने भनि निर्धारण गर्दछ । इक्रा नेपालले AMC1 देखि AMC5 सम्मको स्केलमा रेटिङ्ग प्रदान गर्दछ जसमा AMC1 ले अति उच्च मात्रामा ब्यवस्थापन गुणबारे आश्वस्थ मानिने र AMC5 ले कमजोर व्यवस्थापन गुण जनाउछ । गुणता रेटिङ्ग २, ३ र ४ मा प्रयोग गरीने (जोड) चिन्हले त्यस वर्गको तुलनात्मक सकारात्मक स्थीतिलाई जनाउँछ । उक्त रेटिङ्ग २०७८/०८/२९ गते सम्म बहाल रहने छ ।

कोष प्रबर्द्धकको रेटिङ्ग : कोष प्रबर्द्धक लाई इक्रा नेपाल लिमिटेडले मिति २०७७/१०/२८ मा "[ICRANP-IR] BBB+"- (Pronounced as ICRA NP issuer rating triple B plus) रेटिङ्ग प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तिय दायित्व पूरा गर्ने तथा मध्यम कर्जा जोखिम रहने संस्थाकोरूपमा लिइन्छ । उक्त रेटिङ्ग २०७८/१०/२४ गते सम्म बहाल रहने छ ।

७. कोष सुपरिवेक्षकको तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धि विवरण

७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता :

सि. नं	नाम	ठेगाना	उमेर	शैक्षिक योग्यता
१.	सुर्य प्रसाद कोइराला	का.म.न.पा ३२, काठमाडौं	६४	एल.एल.एम, एम.पि.ए, एम.ए
२.	भरत राज पोखरेल	धरान-११, सुनसरी	६९	एम.बि.ए
३.	कृष्ण प्रसाद ज्ञवाली	रुरु-१, गुल्मी	५३	एम.बि.ए
४.	नवराज बुर्लाकोटी	सल्यानटार-७, धादिङ्ग	४८	चार्टर्ड एकाउण्टेन्ट
५.	प्रजित प्रसाद तिमल्सिना	कलैया-१०, बारा	४०	एम.बि.एस

७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

सि. नं	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	सुर्य प्रसाद कोइराला	नेपाल सरकारको रा.प. तृतीय श्रेणी शाखा अधिकृत सेवा प्रवेश गरी ३० वर्ष भन्दा बढीको अनुभव हासिल गरेको, जिल्ला सरकारी वकिल कार्यालय रुपन्देही, गृह मन्त्रालय, लागू औषध नियन्त्रण कानून कार्यालय इकाईमा करिव ६ वर्ष कार्य अनुभव, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सह न्यायाधिवक्ता (सह सचिव) करिब ८ वर्ष को कार्य अनुभव, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौंमा सह न्याययधिवक्ता भई करिब ३ वर्ष र नायव महान्यायाधिवक्ता करिब ५ वर्ष को कार्य अनुभव	वकिल	वकालत
२.	भरत राज पोखरेल	शिक्षण पेशामा बिगत २७ वर्ष देखि पाठ्यक्रम विकास केन्द्रमा कार्यरत भै शैक्षिक उन्नतिका लागि महत्वपुर्ण भुमिका दिई बाणिज्य क्षेत्रलाई योगदान गरेको कार्यअनुभव । कानुनी पेशा : २०४८ साल देखि अधिबक्ता भै उच्च अदालत बिराटनगरको साधारण सदस्य भै कार्य गरेको कार्य अनुभव	शिक्षण तथा वकिल	वकालत

३.	कृष्ण प्रसाद ज्ञवाली	२०५२ साल देखि हाल सम्म एडभान्स मनी ट्रान्सफर प्रा.लि. को प्रमुख व्यक्तिको रुपमा रहि कार्य सम्पादन गरेको कार्य अनुभव । Wave tal Limited कम्पनीमा बिदेशी बिशेशज्ञको रुपमा ६ वर्षको कार्य अनुभव	महाप्रवन्धक - एडभान्स मनी ट्रान्सफर प्रा. लि.	महाप्रवन्धक - एडभान्स मनी ट्रान्सफर प्रा.लि.
४.	नवराज बुर्लाकोटी	टिचिङ, एकाउन्टिङ, अडिटिङ, कन्सल्टीङ, व्यवस्थापनको अनुभव	परामर्श, लेखापरिक्षण तथा शिक्षण	सिए
५.	प्रजित प्रसाद तिमल्सिना	शैक्षिक पेशामा १२ वर्ष भन्दा बढीको अनुभव	शिक्षण	शिक्षक

७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

यस योजना संचालन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृतिका लागि विवरण पुस्तिका पेश गर्नु अघि विवरण पुस्तिकाको सत्यता सम्बन्धमा जाँच गरी योजना स्वीकृत गर्ने, योजना स्वीकृत गर्नु अघि योजना संचालनका लागि पर्याप्त व्यवस्था रहे नरहेको सम्बन्धमा यकिन गर्ने, योजना निष्काशन पश्चात् विवरण पुस्तिका तथा धितोपत्र सम्बन्धी प्रचलित ऐन नियम तथा सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष सम्बन्धी निर्देशिकाले गरेका व्यवस्था बमोजिम योजना संचालन गरे नगरेको हेरि सोही अनुरुप कोष प्रवर्द्धक तथा नेपाल धितोपत्र बोर्डलाई सो वारे जानकारी गराउने लगायतका जिम्मेवारीहरु कोष सुपरिवेक्षकको रहनेछ ।

योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्यको अनुगमन गर्ने कार्य कोष सुपरीवेक्षकको हुनेछ । योजना व्यवस्थापकबाट समय समयमा प्राप्त कार्यसम्पादन प्रतिवेदन तथा कानून पालना प्रतिवेदनको आधारमा कोष सुपरीवेक्षकबाट योजना व्यवस्थापन कम्पनीको मूल्याकंन हुन्छ । कोष सुपरिवेक्षकले चौमासीकरुपमा वा नियमावलीले व्यवस्था गरे बमोजिमको समयावधि भित्र योजना व्यवस्थापकबाट प्रतिवेदन प्राप्त गरी सो उपर सुपरीवेक्षकहरुको बैठकमा छलफल तथा निर्णय भई सोही बमोजिम आवश्यक कार्य अगाडी बढाउने गर्दछन् ।

७.४ कोष प्रवर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु :

१. कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,

(ख) सहभागीको हित संरक्षण गर्ने,

(ग) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने,

(घ) योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने,

(ङ) योजना अर्न्तगतको सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने,

(च) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने,

(छ) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,

(ज) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,

(झ) योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने,

(ञ) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने,

(ट) योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्नेछ ।

२. योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा कोष सुपरिवेक्षकले त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ ।

३. कोष सुपरिवेक्षकको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा कोष सुपरिवेक्षकले सो को जानकारी कोष प्रवर्द्धक वा बोर्डलाई दिनुपर्नेछ ।

४. कोष सुपरिवेक्षकले दिएको निर्देशन योजना व्यवस्थापकले बारम्बार उल्लंघन गरेमा कोष सुपरिवेक्षकले योजना व्यवस्थापक परिवर्तन गर्नका लागि आदेश जारी गर्न कोष प्रवर्द्धक को सहमतिमा नेपाल धितोपत्र बोर्ड समक्ष अनुरोध गर्नुपर्नेछ ।

५. कोष सुपरिवेक्षकले सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम योजना खारेज गर्नको लागि योजना व्यवस्थापकलाई आवश्यकता अनुसार सहमति प्रदान गर्नेछ र त्यस्तो सहमति प्रदान गर्नु अघि कोष प्रवर्द्धक लाई जानकारी गराउनु पर्नेछ । साथै, योजना व्यवस्थापकले योजना खारेज गर्दा उक्त

नियमावलीले तोके बमोजिमको प्रकृया पुरा गरे नगरेको सुपरिवेक्षण गर्ने तथा आवश्यकता अनुसार योजना खारेज गर्ने प्रकृयाका सम्बन्धमा योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ ।

६. कोष सुपरिवेक्षकले कोष प्रबर्द्धक एवं बोर्डलाई पूर्व जानकारी दिई योजना व्यवस्थापक तथा डिपोजिटरीको हिसाब किताब तथा अभिलेख निरीक्षण गर्न सक्नेछ र त्यस्तो निरीक्षण गर्दा कुनै कैफियत देखिएमा कोष प्रबर्द्धकलाई तुरुन्त जानकारी गराउनु पर्नेछ । साथै, सो को प्रतिवेदन सामूहिक लगानी कोष नियमावलि, २०६७ ले तोकेको समयभित्र कोष प्रबर्द्धक तथा नेपाल धितोपत्र बोर्ड समक्ष पेश गर्नुपर्नेछ ।

७. योजना संचालनमा कुनै समस्या उत्पन्न भएमा दुवै पक्षले बोर्डको निर्देशन तथा आपसी समझदारीबाट प्रचलित कानुन बमोजिम समाधान गर्ने प्रयास गरिनेछ ।

८. कोष प्रबर्द्धकले कोष सुपरिवेक्षकलाई कोष सुपरिवेक्षकको रुपमा कार्य गरे वापत सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २३ को अधीनमा रही पहिलो स्किम (scheme) मात्र कायम रहंदा सम्म कोषको खूद सम्पत्तिको ०.१५% का दरले हुन आउने रकमलाई समानुपातिक रुपले प्रत्येक सुपरभाइजरलाई बैठकमा उपस्थित भए बापत बैठक भत्ता (सुपरभाइजरी फि) भुक्तानी गरिने छ । तत्त पश्चात कुनै स्किम (scheme) जारि गरि दुई वा सो भन्दा बढि स्किम (scheme) भएमा सम्पुर्ण स्किमको (scheme) सुपरभाइजरी फि ०.१०% कायम गरिनेछ । उक्त फि नेपाल धितोपत्र बोर्डले तोकेको सिमा भित्र रहनेछ । उक्त शुल्कमा प्रचलित कानुन बमोजिम लाग्ने कर-दस्तुर कट्टा गरी कोष सुपरिवेक्षकले खोलेको बैंक खातामा योजना व्यवस्थापक मार्फत जम्मा गरिनेछ । कोष सुपरिवेक्षकलाई उक्त सेवा शुल्क बाहेक अन्य कुनै प्रकारको सेवा तथा सुविधा उपलब्ध गराइने छैन ।

९. कुमारी सामूहिक लगानी कोष तथा फण्ड अन्तर्गत संचालित योजनाहरुको सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सुपरिवेक्षण गर्नु कोष सुपरिवेक्षकको व्यक्तिगत तथा सम्पूर्ण सुपरिवेक्षकहरुको सामूहिक जिम्मेवारी हुनेछ । कोष सुपरिवेक्षकले पुरा गर्नुपर्ने जिम्मेवारी पुरा नगरेको कारणबाट कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी तथा दायित्व समेत कोष सुपरिवेक्षकले लिनेछ ।

१०. सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही यो सम्झौताको अवधि सम्झौता सम्पन्न भएको मितिले १० (दश) वर्ष वा योजनाको अन्तिम अवधि (Maturity) सम्मको हुनेछ ।

११. कोष सुपरिवेक्षकले सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सो अन्तर्गतको निर्देशिका र नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशनका साथै अन्य प्रचलित कानुनको अधीनमा रही सम्पन्न गर्नुपर्ने कार्य जिम्मेवारी सम्पादन गर्ने सिलसिलामा आवश्यक देखिएमा कोष प्रबर्द्धकले कोष सुपरिवेक्षकको समेत सहमतिमा कोष सुपरिवेक्षण सम्बन्धी कार्य शर्तहरु (Terms of Reference) तोक्न सक्नेछ । जसलाई यसै सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछ ।

१२. सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्वस्वीकृति लिएर मात्र दुवै पक्षको आपसी समझदारीमा संशोधन हुन सक्ने ।

८. योजना सम्बन्धी जानकारी :

८.१ योजना सम्बन्धी विवरण :

(क)	योजनाको नाम:	कुमारी ईक्वीटी फण्ड (Kumari Equity Fund)
(ख)	योजनाको प्रकार :	बन्दमुखी (Close-end)
(ग)	योजनाको आकार :	रु ८०,००,००,०००।- (अस्सी करोड)
(घ)	निष्काशन गर्न लागिएको इकाई संख्या :	८,००,००,००० (आठ करोड)
(ङ)	प्रति इकाई मूल्य :	रु. १०।- (अक्षरेपी दश)
(च)	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या :	४,००,००,००० (चार करोड)
(छ)	अधिकतम सकारिने इकाई संख्या :	१०,००,००,००० (दश करोड)
(ज)	योजनाको अवधि :	१० वर्ष
(झ)	योजना परिपक्व हुने मिति :	योजनाको इकाई बाँडफाँट गरेको मितिले १० वर्ष
(ञ)	सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था :	योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरिनेछ
ट)	इकाई दर्ता तथा हस्तान्तरण गर्ने डिपोजिटरी :	कुमारी क्यापिटल लिमिटेड, नागपोखरी नक्साल १, काठमाण्डौ ।

८.२ योजनाको उद्देश्य :

इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

८.३ योजनाले लगानी गर्ने क्षेत्र :

(क) बोर्डमा दर्ता भएको धितोपत्र,

(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र,

(ग) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र,

(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु,

(ङ) बैंक निक्षेप,

(च) मुद्रा बजार उपकरण,

(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

सामूहिक लगानी कोष नियमावली, २०६७ नियम ३६ मा भएको व्यवस्था बमोजिम लगानीको सीमा पालना गरिनेछ ।

(क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा वढि नहुने गरी, तर संगठित संस्थाको कूल साधारण शेयरमा योजनाको आकारको कम्तीमा वीस प्रतिशत लगानी योजना अवधिभर कायम राखिनेछ ।

(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेञ्चरको बीस प्रतिशत भन्दा बढी नहुने लगानी गरिनेछ ।

(ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने लगानी गरिनेछ ।

(घ) अन्य सामुहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने लगानी गरिनेछ ।

(ङ) बैंकको मुद्दति निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने निक्षेप जम्मा गरिनेछ तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दति निक्षेप राखिनेछ ।

(च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी लगानी गरिनेछ ।

८.४. विदेशमा लगानी गर्ने भए सो सम्बन्धी व्यवस्था :

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएतापनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने

८.५. योजनाको वित्तिय प्रक्षेपण सम्बन्धी विवरण :

कुमारी ईक्वीटी फण्ड
प्रक्षेपित वासलात

विवरण	वर्ष १ (६ महिना)	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०	वर्ष ११ (६ महिना)
पूँजीको श्रोत											
ईकाई पूँजी	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००
जगेडा कोष	२९,२३६,४२२	४९,०५८,८१०	६२,८७७,१४४	६९,०१८,२६४	७६,१९४,१५८	८३,९५३,३६३	९३,३०१,२६२	११२,८३४,२०४	१४८,३८१,८४२	३३२,५५९,५४०	४३३,४८७,१७८
प्राप्त भईनसकेको आम्दानी कोष	२५,७२०,०००	६६,८६९,५००	१११,८८०,०६४	१६१,३२५,९२६	२१५,०७६,०४७	२७३,५९१,१९१	३३७,०७९,७७५	४०६,१३२,६८६	४७६,४४८,३२८	५३५,९९६,८३९	५६६,०८४,९५६
प्रस्तावित लाभांश	-	६४,०००,०००	८०,०००,०००	९६,०००,०००	१०४,०००,०००	११२,०००,०००	१२०,०००,०००	१२०,०००,०००	१२०,०००,०००	-	-
चालु दायित्व	१,९७७,०८७	४,५३२,१६८	४,८७८,२५२	५,२०९,३४२	५,५२८,१२५	५,८७१,६४४	६,२४५,५१२	६,६५५,२२२	७,१४४,८४०	७,७१७,०७३	-
कुल श्रोत	**८५६,९३३,५०९**	**९८४,४६०,४७८**	**१,०५९,६३५,४६०**	**१,१३१,५५३,५३२**	**१,२००,७९८,३३०**	**१,२७५,४१६,१९८**	**१,३५६,६२६,५४९**	**१,४४५,६२२,११२**	**१,५५१,९७५,००९**	**१,६७६,२७३,४५२**	**१,७९९,५७२,१३४**
i. लगानी	७४८,९२०,०००	८०९,९३७,२२१	८६९,९६३,७४८	९३१,३३१,२३५	९९३,०४६,३३५	१,०५९,२५९,७५५	१,१३०,७४७,२४०	१,२०८,६१७,८२३	१,२९३,०००,२५६	१,३७२,४६९,१३१	१,४०२,५५७,२४७
ii. बैंक मौज्दात	६९,७६१,५०९	१३२,२१०,९४६	१४३,९२६,०४६	१५०,९३६,१२८	१५४,८७६,६२०	१५९,४६७,२९०	१६५,०७३,८७१	१७१,७११,५२४	१८८,८२१,८०१	२२९,२१८,९८७	३६४,१३६,६९६
iii.चालु सम्पत्ति	३८,२५२,०००	४२,३१२,३११	४५,७४५,६६७	४९,२८६,१६९	५२,८७५,३७५	५६,६८९,१५३	६०,८०५,४३८	६५,२९२,७६४	७०,१५२,९५३	७४,५८५,३३५	३२,८७८,१९०
कुल पूँजीको उपयोग	**८५६,९३३,५०९**	**९८४,४६०,४७८**	**१,०५९,६३५,४६०**	**१,१३१,५५३,५३२**	**१,२००,७९८,३३०**	**१,२७५,४१६,१९८**	**१,३५६,६२६,५४९**	**१,४४५,६२२,११२**	**१,५५१,९७५,००९**	**१,६७६,२७३,४५२**	**१,७९९,५७२,१३४**

कुमारी ईक्वीटी फण्ड
प्रक्षेपित नाफा-नोक्सान हिसाव खाता

विवरण	वर्ष १ (६ महिना)	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०	वर्ष ११ (६ महिना)
आम्दानी											
पूँजीगत लाभ आम्दानी	१८,७६०,०००	५४,१३२,५००	६१,०५५,९५४	६७,५३२,५३९	७४,६८१,२४९	८१,४३२,११७	८९,०३०,०१०	९७,०४२,२३१	११०,६१०,१४२	१३६,२४९,७५४	७४,४५७,२९८
स्थिर आय उपकरणहरुमा ब्याज आम्दानी	८,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	१६,०००,०००	८,०००,०००
चल्ती खाताबाट ब्याज आम्दानी	८७२,०१९	५,०४९,३११	६,९०३,४२५	७,३७१,५५४	७,६४५,३१९	७,८५८,५९८	८,११३,५२९	८,४१९,६३५	९,०१३,३३३	१०,४५१,०२०	७,४१६,९४६
नगद लाभांश	१२,८००,०००	२७,२९४,०००	२९,८९६,७१४	३२,६०४,७९४	३५,४९२,२२४	३८,४८५,४६५	४१,७३९,४०९	४५,२४४,९६४	४९,०५६,५२१	५२,८९८,२१७	२८,१५४,९३७
अन्य आम्दानी	-	-	-	-	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	**४०,४३२,०१९**	**१०२,४७५,८११**	**११३,८५६,०९३**	**१२३,५०८,८८७**	**१३३,८१८,७९२**	**१४३,७७६,१८०**	**१५४,८८२,९४७**	**१६६,७०६,८३०**	**१८४,६७९,९९६**	**२१५,५९८,९९१**	**११८,०२९,१८०**
खर्च											
खर्च	११,१९५,५९७	१८,६५३,४२४	२०,०३७,७५८	२१,३६७,७६८	२२,६४२,८९९	२४,०१६,९७४	२५,५३५,०४९	२७,१७३,८८७	२९,१३२,३५८	३१,४२१,२९३	१७,१०१,५४२
जम्मा खर्च	**११,१९५,५९७**	**१८,६५३,४२४**	**२०,०३७,७५८**	**२१,३६७,७६८**	**२२,६४२,८९९**	**२४,०१६,९७४**	**२५,५३५,०४९**	**२७,१७३,८८७**	**२९,१३२,३५८**	**३१,४२१,२९३**	**१७,१०१,५४२**
खुद नाफा /नोक्सान	२९,२३६,४२२	८३,८२२,३८८	९३,८१८,३३५	१०२,१४१,१२०	१११,१७५,८९३	११९,७५९,२०६	१२९,३४७,८९८	१३९,५३२,९४२	१५५,५४७,६३८	१८४,१७७,६९८	१००,९२७,६३८
अवास्तविक लाभ /(घाटा) मा खुद परिवर्तन	२५,७२०,०००	४१,१४९,५००	४५,०१०,५६४	४९,४४५,८६३	५३,७५०,१२१	५८,५१५,१४४	६३,४८८,५८४	६९,०५२,९१०	७०,३१५,६४२	५९,५४८,५१२	३०,०८८,११६
बर्षको लागि खुद नाफा	५४,९५६,४२२	१२४,९७१,८८८	१३८,८२८,८९८	१५१,५८६,९८२	१६४,९२६,०१५	१७८,२७४,३५०	१९२,८३६,४८२	२०८,५८५,८५३	२२५,८६३,२८०	२४३,७२६,२०९	१३१,०१५,७५४
प्रस्तावित लाभांश		६४,०००,०००	८०,०००,०००	९६,०००,०००	१०४,०००,०००	११२,०००,०००	१२०,०००,०००	१२०,०००,०००	१२०,०००,०००		
बासलातमा सारिएको नाफा /नोक्सान	**५४,९५६,४२२**	**६०,९७१,८८८**	**५८,८२८,८९८**	**५५,५८६,९८२**	**६०,९२६,०१५**	**६६,२७४,३५०**	**७२,८३६,४८२**	**८८,५८५,८५३**	**१०५,८६३,२८०**	**२४३,७२६,२०९**	**१३१,०१५,७५४**

कुमारी ईक्वीटी फण्ड
प्रक्षेपित नगद प्रवाह विवरण

विवरण	वर्ष १ (६ महिना)	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०	वर्ष ११ (६ महिना)
सञ्चालन गतिबिधिबाट नगद प्रवाह											
खुद नाफा	५४,९५६,४२२	१२४,९७१,८८८	१३८,८२८,८९८	१५१,५८६,९८२	१६४,९२६,०१५	१७८,२७४,३५०	१९२,८३६,४८२	२०८,५८५,८५३	२२५,८६३,२८०	२४३,७२६,२०९	१३१,०१५,७५४
कम : अवास्तविक लाभ	२५,७२०,०००	४१,१४९,५००	४५,०१०,५६४	४९,४४५,८६३	५३,७५०,१२१	५८,५१५,१४४	६३,४८८,५८४	६९,०५२,९१०	७०,३१५,६४२	५९,५४८,५१२	३०,०८८,११६
बढी : अवास्तविक क्षति	-	-	-	-	-	-	-	-	-	-	-
चालु पुँजिको समायोजन अघिको सञ्चालन गतिविधीबाट नगद प्रवाह	**२९,२३६,४२२**	**८३,८२२,३८८**	**९३,८१८,३३५**	**१०२,१४१,१२०**	**१११,१७५,८९३**	**११९,७५९,२०६**	**१२९,३४७,८९८**	**१३९,५३२,९४२**	**१५५,५४७,६३८**	**१८४,१७७,६९८**	**१००,९२७,६३८**
चालु सम्पत्ती बढी /(कम)	(३८,२५२,०००)	(४,०६०,३११)	(३,४३३,३५६)	(३,५४०,५०३)	(३,५८९,२०६)	(३,८१३,७७८)	(४,११६,२८५)	(४,४८७,३२६)	(४,८६०,१८९)	(४,४३२,३८२)	४१,७०७,१४४
चालु दायित्व बढी / (कम)	१,९७७,०८७	२,५५५,०८२	३४६,०८४	३३१,०९०	३१८,७८३	३४३,५१९	३७३,८६९	४०९,७१०	४८९,६१८	५७२,२३४	(७,७१७,०७३)
सञ्चालन गतिविधिबाट नगद प्रवाह	**(७,०३८,४९१)**	**८२,३१७,१५८**	**९०,७३१,०६३**	**९८,९३१,७०७**	**१०७,९०५,४७१**	**११६,२८८,९४६**	**१२५,६०५,४८२**	**१३५,४५५,३२६**	**१५१,१७७,०६७**	**१८०,३१७,५५०**	**१३४,९१७,७०९**
लगानी गतिबिधिबाट नगद प्रवाह											
धितोपत्रमा लगानी	(७२३,२००,०००)	(१९,८६७,७२१)	(१५,०१५,९६३)	(११,९२१,६२४)	(७,९६४,९८०)	(७,६९८,२७६)	(७,९९८,९०१)	(८,८१७,६७३)	(१४,०६६,७९०)	(१९,९२०,३६४)	-
जम्मा लगानि गतिबिधिबाट नगद प्रवाह	(७२३,२००,०००)	(१९,८६७,७२१)	(१५,०१५,९६३)	(११,९२१,६२४)	(७,९६४,९८०)	(७,६९८,२७६)	(७,९९८,९०१)	(८,८१७,६७३)	(१४,०६६,७९०)	(१९,९२०,३६४)	-
बित्तिय गतिबिधिबाट नगद प्रवाह											
शेयर पुँजिमा बृद्धि/(कमि)	८००,०००,०००	-	-	-	-	-	-	-	-	-	-
लाभाँश वितरण	-	-	(६४,०००,०००)	(८०,०००,०००)	(९६,०००,०००)	(१०४,०००,०००)	(११२,०००,०००)	(१२०,०००,०००)	(१२०,०००,०००)	(१२०,०००,०००)	-
जम्मा बित्तिय गतिबिधिबाट नगद प्रवाह	-	-	(६४,०००,०००)	(८०,०००,०००)	(९६,०००,०००)	(१०४,०००,०००)	(११२,०००,०००)	(१२०,०००,०००)	(१२०,०००,०००)	(१२०,०००,०००)	-
खुद नगद प्रवाह	**६९,७६१,५०९**	**६२,४४९,४३७**	**११,७१५,१००**	**७,०१०,०८३**	**३,९४०,४९१**	**४,५९०,६७०**	**५,६०६,५८१**	**६,६३७,६५३**	**१७,११०,२७७**	**४०,३९७,१८६**	**१३४,९१७,७०९**
शुरुको नगद तथा बैंक मौज्दात	-	६९,७६१,५०९	१३२,२१०,९४६	१४३,९२६,०४६	१५०,९३६,१२८	१५४,८७६,६२०	१५९,४६७,२९०	१६५,०७३,८७१	१७१,७११,५२४	१८८,८२१,८०१	२२९,२१८,९८७
अन्तिम नगद तथा बैंक मौज्दात	६९,७६१,५०९	१३२,२१०,९४६	१४३,९२६,०४६	१५०,९३६,१२८	१५४,८७६,६२०	१५९,४६७,२९०	१६५,०७३,८७१	१७१,७११,५२४	१८८,८२१,८०१	२२९,२१८,९८७	**३६४,१३६,६९६**

कुमारी ईक्वीटी फण्ड
प्रक्षेपित खुद सम्पत्ति मूल्य

विवरण	वर्ष १ (६ महिना)	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०	वर्ष ११ (६ महिना)
इकाई संख्या	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००	८०,०००,०००
सुचीकृत धितोपत्र	५८५,६००,०००	६४०,९२२,२२१	६९४,९१०,८७३	७४९,५४३,८७५	८०४,०७७,३९७	८६३,२२१,९११	९२७,१२५,१२४	९९६,६२५,३२२	१,०७१,९९७,९७१	१,१४६,१२९,७८८	१,१७४,१७१,२७५
ब्यापारिक	८१,०००,०००	९२,२५७,७४८	१००,४७७,०२७	१०६,५४३,९२६	११०,१२६,४३४	११३,९५८,०४२	११८,२०२,६७०	१२२,९००,५९५	१३१,३८३,४७९	१४४,१४९,५५०	१४४,१८५,५२६
दीर्घकालिन पूंजी लाभ	३३८,८००,०००	३७१,३९०,४६२	४०५,३८८,०८३	४४१,७१४,०७३	४८०,००३,९२४	५२१,८३१,५७२	५६७,१४८,८८०	६१६,६५८,७६४	६६६,८७६,६९१	७१२,५९०,७८४	७३३,०७८,७४३
लाभांश आर्जन गर्ने	१६५,८००,०००	१७७,२७४,०१२	१८९,०४५,७६२	२०१,२८५,८७६	२१३,९४७,०३८	२२७,४३२,२९७	२४१,७७३,५७४	२५७,०६५,९६३	२७३,७३७,८०१	२८९,३८९,४५४	२९६,९०७,००६
प्रारम्भिक सार्बजनिक निष्काशन /हकप्रदमा लगानी	३,३२०,०००	९,०१५,०००	१५,०५२,८७५	२१,७८७,३५९	२८,९६८,९३९	३६,०३७,८४५	४३,६२२,११६	५१,९९२,५०१	६१,००२,२८५	६६,३३९,३४४	६८,३८५,९७३
स्थिर आम्दानी उपकरण	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००	१६०,०००,०००
चल्ती खाता	६९,७६१,५०९	१३२,२१०,९४६	१४३,९२६,०४६	१५०,९३६,१२८	१५४,८७६,६२०	१५९,४६७,२९०	१६५,०७३,८७१	१७१,७११,५२४	१८८,८२१,८०१	२२९,२१८,९८७	३६४,१३६,६९६
अन्य सम्पत्ति	३८,२५२,०००	४२,३१२,३११	४५,७४५,६६७	४९,२८६,१६९	५२,८७५,३७५	५६,६८९,१५३	६०,८०५,४३८	६५,२९२,७६४	७०,१५२,९५३	७४,५८५,३३५	३२,८७८,१९०
चालु दायित्व	-	-	-	-	-	-	-	-	-	-	-
कुल सम्पत्ति	**८५६,९३३,५०९**	**९८४,४६०,४७८**	**१,०५९,६३५,४६०**	**१,१३१,५५३,५३२**	**१,२००,७९८,३३०**	**१,२७५,४१६,१९८**	**१,३५६,६२६,५४९**	**१,४४५,६२२,११२**	**१,५५१,९७५,००९**	**१,६७६,२७३,४५२**	**१,७९९,५७२,१३४**
तिर्न बाँकी कोष व्यवस्थापन शुल्क	१,६०३,०४३	३,६७४,७३१	३,९५५,३४०	४,२२३,७९१	४,४८२,२६३	४,७६०,७९२	५,०६३,९२९	५,३९६,१२६	५,७९३,११३	६,२५७,०८६	-
तिर्न बाँकि डिपोजीटरी शुल्क	२१३,७३९	४८९,९६४	५२७,३७९	५६३,१७२	५९७,६३५	६३४,७७२	६७५,१९१	७१९,४८३	७७२,४१५	८३४,२७८	-
तिर्न बाँकी सुपरिवेक्षक शुल्क	१६०,३०४	३६७,४७३	३९५,५३४	४२२,३७९	४४८,२२६	४७६,०७९	५०६,३९३	५३९,६१३	५७९,३११	६२५,७०९	-
खुद सम्पत्ति मूल्य	**८५४,९५६,४२२**	**९७९,९२८,३१०**	**१,०५४,७५७,२०८**	**१,१२६,३४४,१९०**	**१,१९५,२७०,२०५**	**१,२६९,५४४,५५५**	**१,३५०,३८१,०३७**	**१,४३८,९६६,८९०**	**१,५४४,८३०,१७०**	**१,६६८,५५६,३७९**	**१,७९९,५७२,१३४**
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०।६९	१२।२५	१३।१८	१४।०८	१४।९४	१५।८७	१६।८८	१७।९९	१९।३१	२०।८६	२२।४९
लाभंश बितरण पछिको प्रति इकाई खुद सम्पत्ति मूल्य	१०।६९	११।४५	**१२।१८**	**१२।८८**	**१३।६४**	**१४।४७**	**१५।३८**	**१६।४९**	**१७।८१**	**२०।८६**	**२२।४९**
प्रस्तावित लाभांश	-	६४,०००,०००	८०,०००,०००	९६,०००,०००	१०४,०००,०००	११२,०००,०००	१२०,०००,०००	१२०,०००,०००	१२०,०००,०००	-	-
लाभांश प्रति ईकाई	-	०।८०	**१।००**	**१।२०**	**१।३०**	**१।४०**	**१।५०**	**१।५०**	**१।५०**	-	-

प्रक्षेपित प्रतिफलका आधारहरु

खुद सम्पत्ति मूल्य Net Asset Value (NAV) र सम्बन्धित आयको हिसाब गर्दा देहाय बमोजिम अनुमानहरुका आधारमा गरिएको छ ।

१. लगानीको बाँडफाँड

लगानीका क्षेत्र	**प्रतिशत**
१. स्थिर आम्दानी उपकरण	२०%
२. साधारण शेयर	७०%
३. प्राथमिक/ हकप्रद शेयरमा लगानी	५%
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५%

२. सूचिकृत धितोपत्रमा गरेको लगानीले लगानी गरिएको धितोपत्रको प्रकार अनुसार मुनाफा प्रदान गर्दछ । मुनाफा तपसिल बमोजिम हुनेछ :

तपसिल

Stock (शेयर)	**Dividend Yield (लाभांश)**		**Remarks (कैफियत)**
	Cash (नगद)	**Stock (शेयर)**	
Long-term Capital Gain Stock - (दीर्घकालिन पूँजी लाभ शेयर)	५%	५%	
Dividend Yielding Stock (लाभांश आर्जन गर्ने शेयर)	६%	८%	
IPO/Right (प्रारम्भिक सार्वजनिक निस्काशन)/हकप्रद	५%	५%	From second year only - (दोश्रो वर्ष देखि मात्र)

३. लगानी गरेको शेयरको आधारमा पूँजीगत लाभ तपसिल बमोजिम रहेको छ :

तपसिल

Stock	**Capital Gain**
व्यापारिक प्रयोजनका शेयर (Trading Stock)	१०%
दीर्घकालिन पूँजी लाभ शेयर (Long-term Capital Gain Stock)	१५%
लाभांश आर्जन गर्ने शेयर (Dividend Yielding Stock)	५%
प्रारम्भिक सार्वजनिक निस्काशन)/हकप्रद (IPO/Right)	३०%

४. निश्चित आम्दानी उपकरणको योजना रहे सम्मको लागि वार्षिक १०% कायम रहनेछ ।

५. चल्ती खाताको व्याज योजना रहे सम्मको लागि वार्षिक ५% रहनेछ ।

६. कुनै पनि वर्षको अवास्तविक आय अर्को वर्ष सकार हुनेछ ।

७. कुनै पनि वर्षको सकार गरिएको आय तपसिल बमोजिमको अनुपातमा पूनः लगानी गरिनेछ ।

तपसिल

Stock	**Capital Gain**
व्यापारिक प्रयोजनका शेयर (Trading Stock)	३५%
दीर्घकालिन पूँजी लाभ शेयर (Long-term Capital Gain Stock)	४०%
लाभांश आर्जन गर्ने शेयर (Dividend Yielding Stock)	२५%

८. कुनै वर्षको अन्त्यमा लिनुपर्ने हिसाव सूचिकृत शेयरको ५% हुनेछ ।

९. कुनै वर्षको अन्त्यमा लिन बाँकि लाभाँश सो वर्षको लाभाँश आयको ५% हुनेछ । साथै कुनै वर्षमा प्रारम्भिक सार्वजनिक निश्कासन/हकप्रद शेयरमा गरिने लगानी मध्ये ५% रकम सो वर्षको अन्त्यमा अग्रिम भुक्तानी (Advance) को रुपमा रहनेछ ।

८.६ योजनाको खर्च सम्बन्धि विवरण :

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गराई दोस्रो बजार कारोवार व्यवस्था गराउने, सूचीकरण नविकरण गर्ने, योजनाको लेखा परिक्षण गराउने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि देहाय अनुसार खर्च हुने अनुमान गरिएको छ ।

(क) योजना निष्काशनका लागि गरिने खर्च सम्बन्धी विवरण :

नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना दर्ता शुल्क ०.१ प्रतिशत वा न्युनतम पाँच लाख, सूचना प्रकाशन शुल्क, निष्काशन तथा बिक्री प्रबन्ध तथा बाँडफाँट शुल्क तथा अन्य ।

(ख) योजनाको नियमित खर्च सम्बन्धी विवरण :

१. सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्थाअनुसार प्रत्येक अर्धवार्षिक अवधिमा कायम साप्ताहिक औसत खुद सम्पीत्त मूल्य वा उक्त अर्धवार्षिक अवधिको अन्त्यमा कायम खुद सम्पत्ति मूल्य मध्ये जुन कम हुन्छ सो को वार्षिक १.५० प्रतिशतका दरले कोष व्यवस्थापन शुल्क, ०.२० प्रतिशतका दरले डिपोजिटरी शुल्क तथा कोष प्रवर्द्धकसँगको सम्झौतामा भएको व्यवस्था अनुसार सामूहिक लगानी कोष नियमावलीले तोके बमोजिमको सिमा भित्र रहने गरी कोष सुपरिवेक्षकहरुको संयोजकत्व गर्ने कोष सुपरिवेक्षकको हकमा कोषको खूद सम्पत्तिको ०.१५% का दरले हुन आउने रकमलाई समानुपातिक रुपले प्रत्येक सुपरभाइजरलाई बैठकमा उपस्थित भए बापत बैठक भत्ता (सुपरभाइजरी फि) भुक्तानी गरिने छ । तत्पश्चात कुनै स्किम (scheme) जारि गरि दुई वा सो भन्दा बढि स्किम (scheme) भएमा सम्पुर्ण स्किमको (scheme) सुपरभाइजरी फि ०.१०% कायम गरिनेछ । उक्त फि नेपाल धितोपत्र बोर्डले तोकेको सिमा भित्र रहनेछ ।

२. सूचीकरण शुल्क नेपाल स्टक एक्सचेन्जले तोके बमोजिम ।

३. लेखा परिक्षण शुल्क, प्रचलित कानून बमोजिमको सूचना, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क, वास्तविक आधारमा) गरिनेछ ।

४. केन्द्रिय निक्षेप सम्बन्धि शुल्क : CDS and Clearing Limited ले समय समयमा तोके बमोजिम ।

५. विक्री प्रबन्ध शुल्कः निष्काशन रकमको ०.१० प्रतिशत तथा अन्य निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी शुल्क ।

६. क्रेडिट रेटिङको खर्च : ICRA NEPAL ले तोके बमोजिम ।
बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

उपरोक्त शीर्षकको अतिरिक्त अन्य शीर्षकमा खर्च जनाईने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको स्वीकृति लिईनेछ ।

८.७ योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारणमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकताअनुसार संचित मुनाफा (Retained Earning) पूनः लगानीका लागि उपयोग गरिनेछ ।

८.८ लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कुनै पनि कर सम्बन्धी व्यवस्था :

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

८.९ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया :

योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ती विक्री गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ । यसका लागि सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरि समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तिहरु तीन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डले थप तीन महिनाको म्याद थप गरिदिन सक्नेछ । तथापि बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा १ वर्ष अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गर्न सकिनेछ र यसरी प्राप्त रकम योजनाका ईकाइधनीहरुलाई फिर्ता भुक्तानी गर्ने समयावधि सम्म बढी प्रतिफल दिने प्रकृतिका बैंक निक्षेपमा राखिने छ ।

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

८.१० खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :

(क) खुद सम्पत्ति मूल्य गणना विधि

योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ति मूल्य गणना गरिने छ । यसरी गणना गर्नका लागि देहायअनुसाको समिकरण प्रयोग गरिनेछ ।

$$\textbf{प्रति इकाई खुद सम्पत्ती मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या}}$$

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था

योजनाका इकाईहरु बाँडफाँट भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । त्यस पछि सामूहिक लगानी योजना सम्बन्धी नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेव साईट www.kumaricapital.com मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

८.११ योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरीने लगानी धितोपत्र बजारको जोखिमसंग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :

सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले यसको प्रतिफलमा समेत उत्तिकै प्रभाव पार्ने हुन्छ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :

योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सुचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको संचालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सो को नियमति रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक संस्था, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन ।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :

योजनाको संचालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रहि योजना व्यवस्थापकबाट गरिने हुन्छ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :

यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको कोष रकम विभिन्न क्षेत्रमा लगानी गरिने हुन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने तवरले कोषको व्यवस्थापन गर्ने गर्दछ । तथापि, योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :

यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ति को मूल्य वृद्धि (capital gain) वा अन्य वित्तिय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफामा (retained earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन ।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरिने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :

सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितीहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरिद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तिय क्षेत्रमा कायम व्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तिय सम्पत्तिको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ति मूल्यमा पर्न जाने हुन्छ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :

यस योजनासंग आवद्ध कोष प्रवर्द्धक तथा यस योजना संचालन गर्ने योजना व्यवस्थापकको रेटिङ्ग श्री इक्रा नेपाल लिमिटेडबाट भएको छ । उक्त रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :

योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने व्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ति को मूल्यांकन (Valuation) गर्दा प्रचलित व्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्ती को मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :

योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, योजना बिक्री तथा यसको वार्षिक खर्चहरु जस्तै कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, वार्षिक सूचीकरण तथा

नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(६) ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत सो मा प्रभाव पार्ने हुन्छ ।

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्ति मा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलतासम्बन्धी जोखिम रहन सक्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) पुर्नलगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त व्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त व्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :
योजनाका इकाईहरुको निष्काशन तथा विक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलव्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहने छ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धि विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(ख) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना ब्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।

(ग) लगानी विश्लेषणका लागि अनुसन्धानका लागि नयाँ विभागको ब्यवस्था गरिएको छ जसमा दक्ष तथा अनुभवी प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा कर्मचारीको ब्यबस्था गरिएको छ ।

(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईने छ ।

(ङ) लगानीमा हुने जोखिम न्युनिकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्यनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामूहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पूर्णरुपमा पालना गरी बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।

(च) तरलता व्यवस्थापनमा उच्च सर्तकता अपनाईनेछ ।

(छ) लगानी तथा जोखिम ब्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने ब्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी ब्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धि निर्णय गर्ने र आवश्यकता अनुसार पूनरावलोकन गर्ने ब्यवस्था गरिएको छ ।

९. इकाई निष्काशन सम्बन्धी विवरण :

९.१ इकाई बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरण-पत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

९.२ आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी :

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ अनुसार नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र देशभरीका तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

९.३ आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

कुनै पनि नेपाली नागरिक यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । साथै प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुले पनि फर्मको नामबाट यस योजनामा लगानी गर्न सक्नेछन् । साथै बैंक, वित्तिय संस्था, इन्स्योरेन्स कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोष जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदि कोषहरुको रकम यस फण्डमा लगानी गर्न सक्नेछ ।

धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन गर्न सक्नेछन् ।

९.४ खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या :

आवेदकले न्यूनतम इकाई १०० (एक सय) तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम ८०,००,००० ईकाइसम्म खरिद गर्न सकिनेछ ।

९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भए पछि योजना व्यवस्थापक वा निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सुचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत ईकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ । न्युनतम पचास प्रतिशत ईकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता भुक्तानी प्रकृया शुरु गरिनेछ ।

(३) इकाई बाँडफाँड गर्दा विवरण पुस्तिकामा उल्लेख भए बमोजिमको अधिकतम सिमासम्मको इकाई बाँडफाँड गरिनेछ । निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।

(४) धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम ७ को व्यवस्था बमोजिम ईकाईको बाँडफाँड अभौतिकरुपमा मात्र गरिने छ । इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

यस योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अभौतिकीकरणका लागि दर्ता गरी दोस्रो बजारमा कारोवारको व्यवस्था गरिनेछ ।

९.६ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिकाअनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आबेदन आस्वा (ASBA) को सदस्य रहेका सम्पुर्ण बैंक तथा वित्तिय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट बुझाउन सकिनेछ ।

२. आबेदकले हितग्राहि खाता उपलब्ध गराउँदा निक्षेप सदस्यकोमा भएको वास्तबिक नाम, थर, र तिन पुस्ता हुबहु उल्लेख गर्नुपर्नेछ । फरक परी बाँडफाँडमा नपरे आबेदक स्वयम् जिम्मेवार हुनेछ ।

३. रु.५,००,०००/- भन्दा कमको आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ ।

४. आवेदन दिँदा आस्वामा सदस्य रहेका बैंक/वित्तिय संस्थाहरुले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

५. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइने छैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।

६. आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम ८०,००,०००/- (अक्षरेपि अस्सी लाख मात्र) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ । यस्तो इकाईका लागि आवेदन दिँदा आफूले खरिद गर्न चाहेको प्रति इकाई वापत रु. १०।– (दश) का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ ।

७. यस विवरण पुस्तिका बमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफावाट प्रचलित कानुन वमोजिम इकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ ।

८. आवेदकले विवरण पुस्तिका राम्रोसंग अध्ययन गरेर मात्र आवदेन दिनु उपयुक्त हुनेछ ।

१०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

(क) आफूले खरिद गरेको योजनाको इकाई अभौतिक रुपमा योजना व्यवस्थापकले सूचिकरण भए पश्चात आवेदकको हितग्राही खातामा बाँडफाँटमा परेको इकाई वितरण/जम्मा प्राप्त हुनेछ, योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजनासम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन ।

(ख) योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

(ग) योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम अस्सी लाख ईकाइसम्म खरिद गर्न सकिनेछ । आवेदन वापतको रकम शत् प्रतिशत् भुक्तानी गर्नुपर्नेछ ।

(घ) यस विवरण पुस्तिकामा उल्लेख गरिएको निकाय बाहेक अन्यले यस योजनाको विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले तोकिएका सहभागी बैंकहरुबाट नै इकाई खरिदका लागि आवेदन गर्नु पर्दछ ।

(ङ) योजना अन्तर्गतका आफ्नो नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्न सकिने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउन सकिने ।

(च) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने ।

(छ) योजना संचालनका सम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा नेपाल धितोपत्र बोर्डमा गुनासो राखी समाधान गराउने ।

(ज) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तिय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको सावधिक रुपमा जानकारी प्राप्त गर्ने ।

११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित संकलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाईनेछ । साथै योजना व्यवस्थापक कम्पनीले योजना संचालनको क्रममा सहभागीहरुको विचमा वा योजना र सहभागिहरुका विचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि श्री सबिन बुढाथोकीलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सो को समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानून सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म कोष व्यवस्थापन कम्पनिबाट र नभएमा कोष सुपरिवेक्षक तथा नियमन निकाय नेपाल धितोपत्र बोर्डसमक्ष राखी गुनासो समाधान गर्ने प्रकृया अगाडि बढाईनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :

फोन नं. ५९०२२५६, ५९०२२५७, एक्स्टेन्स नं.: २०३

Email : sabin.budhathoki@kumaricapital.com

निष्काशन बैंकहरु :

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ (ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन ।

१२. योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future
(A wholly owned subsidiary of Kumari Bank Limited)
(Licensed by Securities Board of Nepal)

Kathmandu - 1, Durga Bhawan, Nagpokhari
Phone : 977-1-5902256, 5902257
Email : info@kumaricapital.com
Website : www.kumaricapital.com
Co. Regd. No. : 176694 / 074 / 075
PAN : 606868806

मिति : २०७७/०७/२६

Ref no:2077/078/OM-265

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल ललितपुर ।

विषय : **प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) ।**

महाशय,

यस कुमारी क्यापिटल लिमिटेडले **कुमारी सामूहिक लगानी कोष** अन्तर्गत **कुमारी ईक्वीटी फण्ड**को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन् ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

सहयोगका लागी धन्यवाद ।

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

अश्विन बाबु श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

• Issue and Sales Management • RTS / RTA • Portfolio Management • Underwriting
• Corporate Advisory • Fund Manager and Depository of Kumari Mutual Fund

१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :

क्र.सं.	संचालकको नाम	पद	दस्तखत
१.	श्री अनुज मणि तिमल्सिना	अध्यक्ष	
२.	श्री रामचन्द्र खनाल	संचालक	
३.	श्री विकाश खनाल	संचालक	
४.	श्री अनिल जोशी	स्वतन्त्र संचालक	
५.	श्री हरि प्रसाद वाग्ले	स्वतन्त्र संचालक	

D.A.B.N. & Associates,
Chartered Accountants

Regd. No. 786
PAN : 608105518

CERTIFICATION OF PROJECTED FINANCIAL STATEMENTS

OF

KUMARI EQUITY FUND

We have examined the Projected Financial Statements of Kumari Equity Fund, for the Financial Years from 2077/78 to 2087/88, in accordance with applicable Standards on Auditing applicable to the examination of prospective financial information. Management is responsible for the projection including the assumption set out in Schedule 8 on which it is based.

This projection has been prepared for the purpose of issuance of units of Kumari Equity Fund, a mutual fund scheme to be operated under Kumari Mutual Fund. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's action that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which cause us to believe that these assumptions do not provide a reasonable basis for the Projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with applicable accounting standard.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are likely to be different from the projection since anticipated events frequently do not occur as expected and the variations may be material.

D.A.B.N. & Associates * Regd. No. 786 * Chartered Accountants

FCA Bhup Raj Neupane
Managing Partner
D.A.B.N. & Associates
Chartered Accounts

Date: February 1, 2021
Place: Kathmandu, Nepal
UDIN: 210201CA00665h2ulh

Putalisadak, New Plaza-29, Kathmandu, Nepal
9851086981, 9851153522
info@dabn.com.np
mailforbhup@gmail.com